Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १२, २०७७ साल असोज २७ गते मंगलबार (Oct 12, 2020) www.janaakash.com.np मूल्य रु १०।-

# लकडाउनको हल्ला फिजाउदै माफियाहरु

- ➢ लडाउन लगाउनु हुदैन भन्छन जनताहरु ।
- ➢ लकडाउन कस्लाइ चाहिएको छ ?
- ➢ कार्ट्रेलिङ गरेर उपभोक्त ठग्नेहरुलाई ।
- ➢ नेपाल देशको कुभलो चाहनेहरुलाई ।

- मोहन कार्की

यतिबेला काठमाडौं उपत्यकाको चोकचोकमा बसेर लकडाउन गर्नुपर्छ नभए खत्तम हुन्छ ।कोरोनाले बर्वाद पार्छ भन्दै नियोजित रुपमै हल्ला फिजाएर सरकारलाई लकडाउन गराउन प्रभावभित पार्नलाई माफियाहरुले योजना नै बनाएको महसुस हुनेगरी हल्ला फिजाइरहेका छन ।

त्यो सहजै अनुमान लगाउन सक्छौ । लकडाउनको बेला सहज आपूर्ति नहुने, र कुहिएका गुणस्तरहिन खाद्यान्न, जुन निस्कृय पार्नुपर्ने बस्तु उपभोक्तालाई अभाव देखाएर बेच्न , सहजै उपलब्ध हुने खाद्यान्न, अन्य बस्तुहरुपनी कर्टेलिङको लाइन मिलार अत्याधिक मुल्यमा बिक्री गर्न, र अर्को जो नेपाल देशको अस्तित्व नै समाप्त पार्न खोजिरहेको शक्तिहरुले नेपालका नागरिता बोकेका तर आफू नेपाली हुनुको आस्तित्व बिर्सेर अरुनै देशको भत्ता खाइ नेपाल विरुद्ध नै काम गर्नेहरु चोकचोकमा बसेर लकडाउन हुनुपर्छ भनेर हल्ला गरिरहेको देखिन्छ ।

अब पनि लकडान भयो भने के हुन्छ ?

सर्व साधारण नागरिकहरूले ७ महिनाको लामो सक्रमणकाल गुजारिसकेका छन। धेरै जति साना ब्यवसाय गर्दै आएका ब्यवसायिहरु केही समय अगाडी खुलेको बजारमा थोरै भएपनि आसा पालेर निरास भएका मनहरु बिस्तारै उत्साह भर्दै छन् । सबै नेपालीहरुमा आसा पलाउन थालेको छ। कोरोना रोग सतर्क अपनायो भने सजिलै जित्न सकिन्छ भन्ने पनि मानिसमा ज्ञान भैसकेको छ ।

नेपालका प्रधानमन्त्रीले समेत त्यतिबेलै भन्नुभएको थियो कोरोना बेसार पानी, तातोपानी नियमित सेवन र सामान्य ब्याम गर्दा कोरोना हाम्रो सरिरमा प्रवेश नै गर्न पाउदैन । जुन बेला देशको लागि लकडाउन आवश्यक नै थिएन। प्रधानमन्त्री वरिपरि रहेका सल्लाहकारहरुलाइ प्रभावित पार्नेगरी हल्ला फिजाएर त्यतिबेला पनि लकडाउन लगाउन बाध्य पारेको थियो।

जसको करण नेपाली अर्थतन्त्र उठनै नसक्ने गरि सुतेको छ ।

त्यही समुहले बिस्तारै उठन लागेको नेपाली मनोबललाइ पुण: सुताएर नेपाल देशलाई सधैको लागि समाप्त पर्न खेल खेलिरहेको छ। त्यो माफियाको जालो तोडनुपर्छ । सच्चा देशभक्त सरकार हो भने ।

लकडाउन किन आवश्यक छैन ?

दिनदिनै भोकमरी बढेर गएको छ। लकडाउन यो भन्दा अगाडीको घटनाले सामान्य गरिखाने बर्ग जो आजको काम गरेर आजै खाने मजदुर , साना तिना पसल गरेर जिविकोपार्जन गर्ने पसले, जसको गाउघरमा जग्गा जमिन पनि छैन, त्यसपछी बाँकी ८ पृष्ठमा

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



दिब्यध्वज कार्की
केन्द्रीय अध्यक्ष
सुतार कार्की सेवा समिति

# टिभिएस बाईकमा जटिल समस्या प्रयोगकर्ताहरु हैरान

काठमाडौं । भारतमा उत्पादित तर नेपालमा बितरित टिभिएस बाईकमा समस्या नै समस्या दखिन थालेको छ । अहिले नेपालीहरूको महान चाँड बिजया दशैको मुखमा उपहारको लोभमा ग्ग्रहकलाई लोभ्याएर गुणस्तरहिन बिग्रीएका बाईक जगदम्बा मोटर्स प्रा. लि.ले बेच्दै आएको छ । उक्त कम्पनीले बेच्दै आएको बाईक, स्कुटरमा थुप्रै समस्या भएका टिभिएस बाईक आपाचे बाईक १५० सिसि, १६० सिसि, २०० सिसि,र स्कुटर बेच्दै आएको नेपालको जगदम्बा मोटर्सले ग्रहकलाई गुणस्तरहिन भारतमा प्रतिबन्ध गरेको टिभिएस बाईक नेपालमा बिक्री बितरण गरिरहेको अटो क्षेत्रमा काम गरिरहेका अटो बिज्ञहरू बताउछन् । टिभिएस बाईकमा नयाँ किनेको ७ दिन नहुदै ब्यट्रीमा समस्या आउने गरेको ग्येरमा समस्या कुददा कुददै ग्येर चेज भएर बाईक लड्ने गरेर धेरै एक्सिडेन्ट हुने, ब्रेक भनेको बेला नलाग्ने जस्ता समस्याहरूले बिगतमा र अहिले भरखरै किनेका नयाँ आपाचे बाईक र टिभिएस स्कुटरको समस्याले सताएको थुप्रै ग्राहकहरूले हाम्रो कार्यलयमा फोन गरी बताएका छन् । ब्यथै टिभिएस बाईक किनेछु भनेर ग्राहकहरू पछुताउनु परेको गुनासो हामीलाई पोखे । त्यसै मध्यका एकजना त टेलिभिजनका पत्रकार समेत टिभिएस बाईक खरिद गरेपछि ब्यहोर्नु परेको हैरानीले तनावमा छन् उनि भन्छन् ठुलो गल्ति गरिएछ । नयाँ बाईक किनेको ७ दिनमा नै ब्याट्रीले काम गर्न छोड्यो टिभिएस बाईकको शोरूममा गएको यो कम्पनीलाई देखाउनुपर्छ बाईक छोडेर जानुस भन्यो छोडे । तर एक हप्तापछि बल्ल बाईक लिन आउनुस भन्यो त्यहावाट फेरी स्टार गरेर अफिस पुग्न नपाउदै स्टार बन्द भयो । रिसले आगो भए तर के गर्नु २ लाख ५३ हजार बुझाई सकेको थिए । त्यो दु:खले कमाएको पैशा सम्झेर केही गर्न सकिन न वर्कशपमा लगेर हुन्छकी भने फेरी आउट अफ वर्कशपमा लगेर देखाउदा वर्कशपले पनि यो TVS बाँकी ४ पृष्ठमा

# कर्णाली प्रदेशमा नेकपाभित्र पूर्वमाओवादीको चेतावनी

काठमाडौं । नेकपा कर्णाली प्रदेश संसदीय दलका बहुमत सदस्यले त्यहाकाँ मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्ध अविश्वासको प्रस्ताव दलको कार्यालयमा दर्ता गरेपछि पूर्वमाओवादी केन्द्र निर्देशनअनुसारै माथि काम भएको हुनसक्ने औंल्याउँदै पूर्वमाओवादी क्षुब्ध बनेको हो । आक्रोशित प्रचण्डले बिहानै खुमलटारमा गोप्य भेला आयोजना गरेर नेता नेपालसँग सोधेको पूर्वमाओवादी



सशंकित बनेको छ ।

कर्णाली प्रदेशमा पूर्वएमालेहरू एक भएर मुख्यमन्त्री बनेका शाहीविरुद्ध अविश्वासको प्रस्ताव ल्याएपछि पूर्वमाओवादी केन्द्रका नेताहरूले बहुमतको बलमा अरू प्रदेशमा पनि मुख्यमन्त्री हटाउने चेतावनी दिएको छ । पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र वरिष्ठ नेता माधव नेपालको केन्द्रका एक नेताले बताए । खुमलटारको भेलामा नेता नेपालनिकट सुरेन्द्र पाण्डे, युवराज ज्ञवालीलगायत नेताहरू उपस्थित रहेको स्रोतको दाबी छ । पूर्वमाओवादी केन्द्रका तर्फबाट गृहमन्त्री रामबहादुर थापा, प्रवक्ता नारायणकाजी श्रेष्ठ, प्रदेश इन्चार्ज जनार्दन शर्मा, वर्षमान पुनलगायत नेताहरू थिए । केही माधव नेपालनिकट केन्द्रीय सदस्यहरू पनि सहभागी थिए ।

"केन्द्रका नेताहरूको डिजाइन अनुसारै काम भएको हो भने यसको असर अन्यत्र पनि पर्छ । प्रदेश ३ मा कर्णाली विद्रोह दोहोरिनसक्छ । प्रदेश नम्बर १ मा पनि त्यो समस्या पर्छ," एक पूर्वमाओवादी केन्द्रका नेताले भने, "त्यहाँको पर्फमेन्स हामीलाई पनि चित्त बुझेको छैन। काम पनि गर्न नदिने, गरेन भनेर अविश्वासको प्रस्ताव ल्याउन पाइन्छ ?" उनले पूर्वएमालेका पोलिट ब्युरो र अहिलेका प्रदेशका सहइन्चार्ज रहेका यामलाल कँडेलको मुख्यमन्त्री बन्ने सपना भाँचिएकाले त्यसको प्रतिशोध साँधेको आरोप लगाए । कँडेलसहित पूर्वएमाले र माओवादी केन्द्रकासमेत गरी १८ सांसदले आइतबार मुख्यमन्त्री शाहीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका थिए । त्यसले नेकपाको केन्द्रीय राजनीति तरङ्गित बनेको छ ।

# राजतन्त्रको माग गदै उत्रिए युवाहरु

काठमाडौं । नेपालमा थुप्रै खालका परिवर्तन भएका छन् भने पार्टीपिछेका एजेन्डा पनि छन् । अहिले राप्रपा नेपालले राजतन्त्रको पुन:स्थापनको माग गदै आएको पार्टी र राजतन्त्र पुन:स्थापना हुनुपर्छ भनेर माग गदै आएको बीर गोरखालीको आयोजनामा र नेपालको आज गौशलावाट मोटरसाईकल ऱ्याली शुरु गरेर पुरानो बानेश्वर, मैतिदेवी हुदै रत्नपार्कको शान्तिवाटिका पुगेर राजतन्त्र पुन:स्थापन गर्ने उदघोष गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गदै बीर गोरखालीले नेपाल राष्ट्र बचाउने हो भने राजतन्त्रको पुन:स्थापना अनिवार्य भएको बताएका थिए ।

उनिहरुले गाउँ गाउँमा हल्ला छ राजतन्त्र पुनस्थापना गर्ने सल्लाह छ जस्ता नाराहरु लगाएका थिए । अचेल बिरलै मात्र सुनिने राष्ट्रिय गीत हटि होइन डटि लड्ने नेपालीको बाणी हुन्छ कहिल्यै नझुक्ने स्वभिमानी नेपाली हुन्छ भन्ने गीत बाँकी ८ पृष्ठमा

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

हरिहर कार्की

विश्व भाषा
अध्ययन केन्द्र & कन्सल्टेन्सी प्रा.लि.
01-4257079 / 9818173438
Bagbazar, Kathmandu (Opp. to Hotel Hardik)



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# नचेत्ने हामी नेपालीहरुको सुद्धि फिरोस

नेपाल बीर गोर्खालीहरुको देश हो । नेपाल पशुतिनाथको देश हो । नेपाल गौतम बुद्धको जन्म भएको देश हो । नेपाल संसारको राष्ट्रहरु पराधिन हुदापनि स्वतन्त्र राष्ट्र राख्न सफल रहेको अटल अमर नेपालीहरुको देश हो । नेपाल संसारको सवैभन्दा अग्लो सगरमाथा भएको देश हो । यो देश बनाउन यो इतिहाँस अहिलेसम्म हाम्रा पुर्खाहरुले बगाएको रगत, पसिना र मेहनत त्यग तपस्या अदम्य साहासद्धारा नै रचित नेपाल र स्वाभिमानी नेपालीहरु रहेका छौ ।

तर पछिल्लो समय नेपालमा परिवर्तनको नाममा नेपालका यि स्वाभिमानी त्याग, बलिदान, राष्ट्रको लागि योगदान पुर्‍याउने कुरामा निक्कै समस्या देखिन थालेको छ ।

राजनीतिक पार्टीहरुको  नामवाट गरिने कृयाकलाप र त्यही कृयाकलापमा रहेर गरिने देशको साशनले नेपालको मुख्य इतिहाँस सांस्कृतिक, राजनीतिक, आर्थिक सवै क्षेत्रमा प्रभाव पादै लगेको र नेपालको हरेक क्षेत्रमा पराधिन मानसिकता बढदै गएको देखिन्छ । जसले गर्दा बिदेशी आयातित सामानहरु आयत गरेर उपभोग गर्ने र आफनो उत्पादन भने केही नबढाउने बढाउन बातावरण नबाउने र बातावरण बनाउन खोज्नेलाई निरुत्साहित गर्ने खालका कामहरु भइनै रहेका देखिन्छ । यसरी सवै क्षेत्रमा उनिहरुले हामीलाई परनिर्भर बनाएर आफनो मीमा कब्जा गर्न खोजेको देखिन्छ । त्यो छिमेकी तिरवाट बिगतमा अत्यआवश्यक पेट्रोलियम पदार्थ रोकेर नेपलको सरकार परिवर्तन गर्ने सम्मको खेल भएको हामीले भोगेका छौ ।

नेपालको हरेक राजनीति परिवर्तनको नाममा कहिले कसलाई कहिले कसलाई प्रयोग गरेर अस्थिरता मच्चाई नेपालको बिकासमा भाजो हाल्ने काम पनि भइनै रहेका छन् ।

बेला बेलामा छिमेकीले गरेको नाकाबन्दी, सीमा अतिक्रमण जस्ता समस्या पनि नेपालमाको टाउको दुखाईको बिषय भएको छ । नेपालमा संविधान जारी भएपछि पनि थुप्रै खालका असन्तुष्टिहरु राखेर नाकाबन्दी सम्म भएको भोगाई हामी नेपालीहरु सँग छ । त्यसको अलवा अहिले बिश्वमा आताङ्को रुपमा रहेको कोरोना भाईरसले त सवैलाई तहस नहस बनाएको छ नै । यस्ता धेरै खालका समस्यासँग जुधेको नेपाल र भोगेका नेपालीले पाएको दुःखबाट चेतेर आफनो देशभित्र बिकास गर्ने, कलकारखाना खोल्ने आफना नागरिकलाई आफनै देशमा रोजगार दिने बातावरण बनाउनु पर्‍थ्यो त्यो कसैले चासो दिएको छैन ।

आजपनि लाईन बसेर नेपालीहरु बिदेश गईरहेका छन् । बैदेशिक रोजगार बिभागमा श्रम स्वीकृति लिनेको भीड देखिन्छ । नेपाल संघिय ब्यवस्थामा गईसकेपछि कोरोनाको त्रासवाट सवै मानिसहरु स्वत स्फुत गाउ फर्केको बेला स्थानीय सरकारले गाउमा फर्केका मानिसहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम ल्याएर काम गर्नुपर्‍थ्यो त्यस्तो कतै देखिएन । गाउ आएका मानिसहरु फेरी पुनः शहर र बिदेश जान लालायित छन् । यस्ता घटनाले नेपालको सिर उच्चो बनाउदैन ।

बिगतका बिषम परिस्थिति सम्झेर सवै नेपालीहरुको सुद्धि फिर्नुपर्छ ।

# संघीयता मर्मअनरूपको प्रशासनिक संरचना खोइ ?

**ईश्वरीप्रसाद पोखरेल**

राजनीतिक पद्धति तथा प्रशासनिक संरचना अन्तर सम्बन्धित हुन्छन् । कुनै पनि मुलुकको राज्य सञ्चालन राजनीतिक नेतृत्वको निर्देशनमा सार्वजनिक प्रशासनले गर्छ । यसर्थ, जुनसुकै राजनीतिक दलको सरकारलाई पनि व्यावहारिक रूपमा सफल तुल्याउन प्रशासनिक सेवा तथा नेतृत्वको ठूलो भूमिका हुन्छ । नेपालमा सार्वजनिक प्रशासनको मुख्य आधार स्रोत निजामती सेवालाई मानिन्छ र यो सेवालाई १२ भागमा विभाजन गरिएको छ । नेपालको अभ्यासमा राज्य संयन्त्रमा निजामती सेवाले कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र संवैधानिक आयोगहरूमा प्रशासनिक नेतृत्व गर्ने हुनाले स्थायी सरकारका रूपमा पनि चित्रण गरिन्छ ।

तर २००७ साल यता ५४ ओटा सरकार फेरबदल २३ नयाँ अनुहारका प्रधानमन्त्री र झन्डै १२ सय मन्त्री, राज्यमन्त्री, सहायकमन्त्रीहरू नियुक्त भएर काम गरेका छन् । विडम्बना, अपवाद बाहेक पूर्वप्रधानमन्त्री, मन्त्रीहरूमात्र हैन जनसाधारणको समेत नेपालको निजामती सेवाप्रति सकारात्मक टिप्पणी सुनिएको छैन । निजामती सेवा अक्षम, अनैतिक, रकमी र षड्यन्त्रकारी हुनेगरेको आरोप लाग्ने गर्छ । यही निजामती सेवालाई वैज्ञानिक पुनरावलोकन तथा परिमार्जन नगरी हचुवाका भरमा संघीयतामा अर्थात् संघ, प्रदेश तथा स्थानीय तहमा विस्तार गरिएको छ । राजनीतिक तहको भूमिकामा सार्वजनिक प्रशासनिक व्यवस्थापनले मुख्य दायित्व निर्वाह गर्नुपर्ने भएकाले वैज्ञानिक प्रशासनिक संरचना तथा पदाधिकारीको मनोबललाई उच्च प्राथमिकतामा राख्नु अनिवार्य हुन्छ । संघीयताको सफलता तथा इमानदारीपूर्वक कार्यान्वयन गर्न राजनीतिक चरित्र चाहिन्छ । यसर्थ प्रशासनिक व्यवस्थापनमा विगतमा भएका सबलता र कमजोरी हेक्का राख्दै समसामयिक पक्षमा उठेका प्रश्नहरूको समाधान तथा अमानवीय त्रुटिहरू सच्याएर प्रशासनिक संगठनलाई वैज्ञानिक बनाउन सक्नुपर्छ । तीनै तहमा समायोजन भएका र भविष्यमा नियुक्त हुने कर्मचारी कोही मालिक र कोही दास वर्गमा नपरून् भन्ने सचेततासाथ नेकपा पार्टी तथा सरकारको ध्यानाकर्षण गर्न लेख केन्द्रित हुनेछ ।

सार्वजनिक प्रशासन व्यवस्थापनमा उदासीनता : राजनीतिक पद्धति तथा दलहरूका जनपक्षीय लोकप्रियताका मुख्य आधार प्रशासन नै हो । तर, राजनीतिक उच्च नेतृत्वले प्रशासनलाई प्राथमिकतामा राख्दैन भन्ने बलियो प्रमाण संघीय राज्यका तहअनुसार जनशक्ति संगठन संरचना निर्माण र कर्मचारी समायोजनमा देखाएको उदासीनताबाट प्रष्ट भएको छ । राजनीतिक तथा प्रशासनिक उच्च तहका नेतृत्वले उपल्लो पदीय भूमिकामा पुग्नासाथ धरातल बिर्सने र सामाजिक तथा प्राकृतिक न्यायसमेतलाई उपहास गर्नेगरेको देखिन्छ । नेतृत्वले सुशासनका लागि आवश्यक ऐनकानुन निर्माण र कार्यान्वयनलाई प्राथमिकतामा राख्दैन भन्ने स्पष्ट भएको छ । सर्वोच्च नेतृत्व वर्ग देश र जनताको हितको कुनै पर्वाह गर्दैन तथा आफूखुसी ऐनकानुनसमेत मिचेर परिचालन हुन् चाहन्छ भन्ने आरोप लाग्ने गरेको छ । यिनै स्वार्थका कारण जी हजुरी मानसिकताका दासहरूको जमात तयार पार्न प्रशासनिक क्षेत्रमा राजनीतिक तथा प्रशासनिक अगुवाहरूको प्रतिस्पर्धा हुने गरेको छ । सहभागितामूलक पद्धतिको अभाव तथा अदूरदर्शिताका कारण समग्र प्रशासनिक सेवा नै उपल्लो पदको चाकरीमुखी निजमती वा स्वार्थपरक निचमतीमा रूपान्तरित गरिएको छ । निजामती सेवा होस् वा जुनसुकै सार्वजनिक सेवाका गुणस्तर तथा पेसागत हकहितका लागि गठित ट्रेडयुनियन वा संस्थाहरू नै लेनदेनका सौदावाजीका बिचौलिया बनेर निश्चित वर्गको लुटिखाने आधार बनाइएका छन् । इमानदार तथा निष्पक्ष कर्मचारीहरूको मानमर्दन गर्ने, मनोबल गिराउने, अपमान गर्ने वा कुनै घटनामा फसाएर किनारा लगाउने वातावरणलाई मलजल गर्ने पद्धति प्रोत्साहित हुँदैगएको छ । यसरी मुलुकको सार्वजनिक प्रशासनको अक्षमता वा लापर्बाहीले देशको समग्र सेवा प्रवाह र गुणात्मक पक्ष धेरै आलोचित हुँदैआएको छ । सामाजिक तथा सेवाप्रदायक निकायहरूमा समेत विकृति, विसंगति र भ्रष्टाचार मौलाएको छ ।

राज्यको पुनर्संरचना हुँदा कर्मचारी प्रशासनको कसरी समायोजन गर्ने र संगठन, वृत्ति विकास र आकर्षण जस्ता पक्षमा कुनै ध्यान दिइएन । फलतः राज्यका जनसेवामा खटिएका जनशक्ति र कार्य गुणात्मक नतिजा वा प्रभावका अनुभूतिजन्य दृष्टिकोणहरू राजनीतिक तथा उच्च प्रशासकहरूप्रति सकारात्मक हुन सकेन । समानताको वकालत गर्नेहरूले ऐनकानुन तथा व्यावहारिक सिकाइका पक्षमा स्पष्ट विभेद हुने समायोजनको ढाँचामा प्रदेश र स्थानीय तहमा अपमानजनक तरिकाले कर्मचारी रूवाएर पठाएको हुँदा सरकारप्रति ठूलो असन्तुष्टि व्यक्त भएको सुनिन्छ ।

राजकीय सार्वजनिक सेवा संरचना : नेपाल राज्यमा तीन तहको राजनीतिक तथा प्रशासनिक संरचना छ । राज्यका कार्यपालिकीय अधिकार संघ, प्रदेश तथा स्थानीय तीनै तहमा विभाजित छन् । न्यायिक अदालती प्रणाली तथा संवैधानिक आयोगहरूको कार्य अधिकार एकात्मक केन्द्रीय ढाँचाको छ । न्यायपालिका तीन तह संघ, प्रदेश उच्च तथा जिल्ला अदालतमा विभाजित छन् । संवैधानिक आयोगका कार्यालयहरू केन्द्रीय नियन्त्रणमा हुनेगरी आवश्यकतानुसार प्रदेश तथा जिल्लास्तरमा रहन सक्ने देखिन्छन् । विधायिकीय शक्ति संरचना चाहिँ संघीय र प्रादेशिक दुवै तहमा छन् । तर, न्यायिक तथा विधायिकीय संरचना तथा जनशक्ति व्यवस्थापन स्थानीय तहमा निर्धारित गरिएको देखिँदैन ।

निजामती सेवा : राज्यको सार्वजनिक सेवाको मेरुदण्ड निजामती सेवा मानिन्छ । स्थायी सरकार निजामती सेवाका पदानुसार कार्य विवरण तथा जवाफदेही निर्धारित हुन्छ । सेवा संघीय तथा प्रादेशिक तहमा निजामती शब्दले सम्बोधित छ । संघीय र प्रादेशिक तहमा संघीय तथा प्रादेशिक निजामती सेवा पहिचानमा छ । तर, स्थानीय तहको सेवामा निजामतीको पहिचान नदिएर स्थानीय सेवा भनिएको छ । मुलुकमा सरकार आउँछन्, जान्छन् तर स्थायी सरकार भनिने निजामती सेवा निरन्तर रहन्छ । राज्यका सबै साधनस्रोतको हर्ताकर्ता, अभिलेख धर्ता र आफनो हात जगन्नाथको उपयोगमा राम्रो पहुँच राख्ने वर्ग हुनाले आशंका धेरै गरिन्छ । गरिब देश र जनताको समृद्धि र जीवनस्तरप्रति पूर्ण बेवास्ता गरी वैधभन्दा अवैध सेवासुविधा हत्याउने प्रतिस्पर्धा देखिन्छ । सेवा भोगी र सम्मान मोही वर्गको पकडमा निजामती सेवाको नेतृत्व जकडिएकोले जनसेवी हुन सकेको छैन र जनताका दृष्टिमा सार्वजनिक सेवा भ्रष्ट र अनैतिक देखिन्छ । यसलाई जनविश्वास र पारदर्शी तुल्याउन सार्वजनिक पदाधिकारी वर्गको चल अचल सम्पत्ति छानबिन र स्रोत नखुल्ने सम्पत्ति जफत गर्ने पद्धतिले मात्र निजामती सेवाको साख राख्न सकिएला ?

संघीय सार्वजनिक सेवा व्यवस्थापन : नेपाल सरकारको निजामती सेवाको समग्र कानुनी तथा प्रशासकीय व्यवस्थापन तथा अभिभावकीय भूमिकामा छुट्टै मन्त्रालय छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तीन तहको राज्यलाई समन्वय, सहकार्य र सहअस्तित्वको कार्यमा सक्रिय छ । तर, निजामती प्रशासन र व्यवस्थापन नै संघीय मामिलाको मुख्य कामको भ्रममा संघीयता कार्यान्वयन मुख्य पक्षमा यो मन्त्रालय ओझेलमा देखिन्छ र प्रशासन सेवाका कर्मचारीको सरूवा, बढुवामा सीमित छ । संवैधानिक गणतन्त्र र संघीयताको सिद्धान्त अनुरूप मुलुकको समग्र सार्वजनिक प्रशासनिक क्षेत्रको मियो हुनुपर्ने मन्त्रालय प्रशासनिक गतिविधिमा पूर्ण विफल र दिशाविहीन कुहिरोमा हराएको कागझैँ देखिन्छ । मन्त्रालय त सामान्य प्रशासन सेवा, समूहको एकल पकडमा छ भने सबै सार्वजनिक सेवा, समूहको असल अभिभावक हुने के कुरा ? अरू सेवालाई पीडामा राख्ने र दास बनाउने भूमिकामा प्रयासरत पाइन्छ तर सरकारबाट अन्याय सुनुवाइ हुनसकेको छैन । सार्वजनिक संगठन निर्माण तथा समायोजनमा भएका धेरै त्रुटिहरू सच्चाएर यो मन्त्रालयलाई साझा सार्वजनिक जनशक्ति विकास तथा सेवा प्रवाह मन्त्रालय बनाउन ढिला भएको छ ।

संघीय सार्वजनिक कर्मचारी व्यवस्थापन नीति : कार्यपालिका, न्यायपालिका र संवैधानिक सेवाका लागि छुट्टाछुट्टै कर्मचारीहरूको सेवा धारको व्यवस्था हुनुपर्छ । हालका १२ प्रकारका निजामती सेवा ( स्वास्थ्य र संसदसमेत) को पुनरावलोकन गरी प्रशासनिक तथा प्राविधिक विषयगत सेवा, समूह, उपसमूहहरूको स्पष्ट पहिचान गरी संघीय सेवामा तीन धारको सार्वजनिक कर्मचारीको व्यवस्था हुनु र नयाँ किसिमले समायोजन गर्नु वैज्ञानिक हुन्छ । यी सेवामा कति प्रशासन तथा व्यवस्थापनका पद तथा प्राविधिक, व्यावसायिक तथा विषयगत सेवाका पदहरू राख्ने सबै वैज्ञानिक आधारमा निर्धारण गर्नु उचित हुन्छ । नेपाल सरकार तथा संवैधानिक आयोग र निकायका केन्द्रीय आयोग, प्रादेशिक सचिवालय एवं संघीय कार्यालयहरू पनि बढीमा २८ स्थानमा स्थापना गरिनुपर्छ ।

प्रशासनिक सुदृढीकरण तथा जनशक्ति व्यवस्थापन नीति : प्राविधिक तथा व्यावसायिक सेवा एवं सामान्य प्रशासन सेवाका जनशक्तिलाई सुदृढीकरण तथा व्यवस्थापन नीति आवश्यक देखिन्छ । सबै सेवा, समूह, उपसमूहका कम्तीमा खरिदारदेखि अधिकृतसम्मका जनशक्तिहरूलाई एकीकृत विविध सीप प्रदान गरिनुपर्छ । थोरै लगानीमा धेरै प्रतिफल विकास गर्न सबै किसिमका कर्मचारीहरूलाई सेवासम्बद्ध र पेसासम्बद्ध आवश्यक सीपहरू सिकाउनु जरूरी छ । कार्य प्रकृतिअनुसार सबै सेवाका कर्मचारीलाई छोटो अवधि तालिम, प्रशिक्षण र अभ्यास व्यवस्था हुनु अति आवश्यक छ । प्रशासन सेवा समूहका जनशक्तिहरूको संगठन र दरबन्दी निर्धारण कार्यालयहरूमा अत्यधिक पाइन्छन् । कार्यालयहरूमा कार्यभार तथा कामको व्यस्तता अभाव हुँदा जनशक्तिको अत्यधिक सदुपयोग हुनसकेको छैन । यसर्थ, एक व्यक्ति अनेक कामको जिम्मेवारीको पद्धति विकास हुनु प्रशासनिक व्यवस्थापनका क्षेत्रमा अति जरूरी छ ।

संघीयताको समन्वयका संवैधानिक आधारहरू : प्रदेश सरकारका प्रमुख मुख्यमन्त्रीमाथि संघीय सरकारको प्रतिनिधि प्रदेश प्रमुखको व्यवस्था छ । कार्यपालिका निर्माण आधार विधायिका तथा सत्ता, प्रतिपक्षको व्यवस्था छ । सात सय त्रिपन्न स्थानीय तहमा भने कुनै नियन्त्रण रहित एकाधिकारी प्रमुख तथा उप्रमुखसहितको कार्यपालिका व्यवस्था छ । संघ, प्रदेश तथा स्थानीय तहमा समन्वय, सहअस्तित्व तथा सहकार्यका लागि प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश समन्वय परिषद, सबै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा अन्तरस्थानीय तह समन्वय परिषद् रहने व्यवस्था छ । संवैधानिक रूपमा राजनीतिक समन्वय गर्ने कानुनी आधार स्पष्ट छन् । प्रदेशलाई संघीय संवैधानिक मर्मभन्दा बाहिर जान नदिन र राजनीतिक नियन्त्रणमा राख्न राजनीतिक प्रतिनिधि प्रदेश प्रमुख, प्रदेश प्रमुखको सचिवालयमा संघीय निजामती सेवाको प्रशासनिक नेतृत्व राखिएको छ । संघीयतामा प्रदेशको प्रशासनिक व्यवस्था : प्रदेश मुख्यमन्त्रीको सचिवालयको प्रमुख सचिव संघीय निजामती सेवाको विशिष्ट श्रेणीको कर्मचारी खटिनु न्यायोचित हुन्छ । तर, प्रदेश मन्त्रालयहरू तथा स्थानीय तहको सचिव तथा प्रशासकीय प्रमुख प्रदेश निजामती सेवा र स्थानीय सेवाबाट नियुक्त हुनु उचित हुन्छ । संघीय सरकार मालिक तथा प्रादेशिक सरकार तथा स्थानीय तहमा काम गर्ने कर्मचारीहरू जीवन भर दास हुने संघीयता बलियो हुन सक्दैन । हिटलरी शैली र चरित्रको कानुनको आडमा कर्मचारी समायोजनलाई निरन्तरता दिनु र मालिक तथा दास वर्गमा विभाजित गरी वृत्ति विकासको बाटो रोक्नु संघीयता विरोधी हुन्छ । संघीय सरकारले प्रदेशमा प्रमुख सचिव र प्रदेश प्रमुखको कार्यालयमा सचिव खटाउँदा कम्तीमा दुई वर्ष सरूवा नहुने सर्तमा पदस्थापन व्यवस्था मिलाउनु न्यायिक हुन्छ ।

संघीयतामा स्थानीय तह प्रशासनिक व्यवस्थापन : नेपालको राजनीतिक संरचना तीन तहको भएकोले संघ तथा प्रदेशको समन्वय भएझैँ स्थानीय तहसँग समन्वय गर्न जिल्ला तहको संरचनामा संघीय निजामती सेवाको प्रशासकीय प्रमुख राखी संघीय, प्रादेशिक तथा स्थानीय तहको त्रिकोणात्मक समन्वय, सहकार्य र सहअस्तित्वको पालना गर्ने, गराउने व्यवस्थाका लागि कम्तीमा दुई वर्ष अनिवार्य सेवामा रहनुपर्ने सर्तमा नेपाल सरकारले खटाउने व्यवस्था गरिनु न्यायोचित हुन सक्छ । जिल्ला समन्वय समितिका प्रशासकीय प्रमुखले सबै स्थानीय तहसँग प्रदेश तथा स्थानीय तहको समन्वय मिलाउने व्यवस्था कानुनले सुनिश्चित गर्नुपर्छ ।

संघीयतामा प्रदेश तथा स्थानीय तहबीच समन्वय : नेपाल सरकारले तपसिलका सर्त पूरा गरेमा मात्र संघीयता बलियो हुनेछ । संघीय मन्त्रालय मातहतका जिल्ला वा डिभिजन कार्यालयहरू खारेज गर्ने । जिल्लालाई प्रदेश सरकार मातहत राखी, प्रदेशका विषयगत मन्त्रालय र संघीय सरकारको तोकिएका कामसमेत गर्ने अधिकार दिने । प्रदेश तथा प्रदेश मातहतको स्थानीय तहको सेवालाई निश्चित सेवा सर्तका आधारमा एक आपसमा सरूवा, बढुवा र वृत्ति विकासको ढोका खोल्ने कानुनी प्रबन्ध गर्ने । प्रदेश र स्थानीय सेवाका पचास प्रतिशत कर्मचारीले संघीय निजामती सेवाको पदमा खुला र आन्तरिक प्रतिस्पर्धाबाट वृत्ति विकास भई संघीय निजामती सेवामा प्रवेश गर्ने व्यवस्था सुनिश्चित गर्ने । प्रदेश तथा स्थानीय तहमा समायोजन भएका र भविष्यमा सेवा प्रवेश गर्ने कर्मचारीहरूलाई संघीय प्रशासनिक क्षेत्रमा आकर्षित गरेमा संघीयता बलियो हुनेछ ।

प्रशासन व्यवस्थापनमा कर्मचारी समायोजन नीति : नेकपा सरकारले कर्मचारी

बाँकी ८ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# भ्रष्टाचार घटाउने अख्तियारले होइन, प्रधानमन्त्रीले हो



## राधेश्याम अधिकारी
## नेपाली कांग्रेसका राष्ट्रियसभाका सदस्य

काठमाडौं । नोवेल कोरोना भाइरस (कोभिड-१९) महाव्याधिका बीच पनि भ्रष्टाचारले व्यापकता पाएको छ । औषधि लगायतका स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार भएको उजुरी दिनहुँजसो अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भइरहेका छन् । तर, प्रमुख आयुक्त नवीन घिमिरे सेवानिवृत्त भएपछि अख्तियार नेतृत्वविहीन छ । दलहरुबीच कसलाई प्रमुख आयुक्त बनाउने भन्ने विषयमा भागबन्डा नमिल्दा पदाधिकारीको नियुक्ति टुंगो लाग्न सकेको छैन ।

निवर्तमान प्रमुख आयुक्त घिमिरेको पालामा पनि अख्तियारले अपेक्षा अनुसार काम गर्न नसकेको जनगुनासो आए । खासगरी एक-दुई हजार रूपैयाँ रिसवत् लिनेप्रति कडा र ठूला भ्रष्टाचारीप्रति नरम व्यवहार गर्ने गरेको आरोपबाट घिमिरे मुक्त हुन सकेनन् ।

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजम अनुसन्धान गर्न वा गराउन गठित आयोगको काम किन प्रभावकारी हुन सकेको छैन ? मुलुकका लागि क्यान्सर बनेको भ्रष्टाचार निवारणमा खरो उत्रन नसक्नुको कारण के हो ? अख्तियारको नाम सुन्नेबित्तिकै भ्रष्टहरु थर्कमान हुने दिन कहिले आउला ? के भ्रष्टाचार औषधि पत्ता नलागेको रोग हो ?

यी प्रश्न, नेपाली कांग्रेसका राष्ट्रिय सभाका सदस्य तथा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीलाई सोधेका छौं । प्रस्तुत छ, सांसद अधिकारीसँगको वार्ताको सम्पादित अंशः

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार निवारणका लागि अपेक्षा अनुसार काम गर्न नसकेको गुनासो आइरहन्छ । आफनो काममा अख्यितार असफल भएकै हो ?**

अख्तियारको विषयमा मान्छेहरूको धारणामै परिवर्तन ल्याउनु जरूरी छ । नेपालमा भ्रष्टाचार मुक्त बनाउने कुन संस्थाले हो भन्दा हामी हत्तपत्त अख्तियारले हो भन्छौं । हो, यो धारणा नै गलत छ । अख्तियार भनेको भ्रष्टाचार भइसकेपछि अनुसन्धान गरेर मुद्दा चलाउने निकाय मात्रै हो । यसले भ्रष्टाचार कम गर्ने होइन । भ्रष्टाचारको अपराध भइसकेपछि मुद्दा चलाउने निकायले भ्रष्टाचार अन्त्य गर्दैन । निर्वाचित जनप्रतिनिधिको मुख्य शक्ति जहाँ रहन्छ, भ्रष्टाचारको अन्त्य पनि त्यहीबाट गर्नुपर्छ ।

भ्रष्टाचारको सुरुवात अपारदर्शीताबाट हुन्छ । पारदर्शीता बढ्यो भने भ्रष्टाचार स्वातै घट्छ । त्यसो भए प्रणालीलाई पारदर्शी बनाउने कसले ? अख्तियारले ? होइन । संसदले हो, संसदबाट निर्वाचित प्रधानमन्त्रीले हो, मन्त्रीहरूले हो । त्यसकारणले गर्दा भ्रष्टाचार निवारण हुन्छ कि हुँदैन भन्ने कुरा प्रणालीलाई कत्तिको पारदर्शी बनाएका छौं भन्नेसँग सम्बन्धित छ ।

सिंगापुरका कुटनीतिज्ञ किशोर माहुबबनीले आफनो पुस्तक 'ह्याज दि वेस्ट लस्ट इट ?' मा दक्षिण एसियामा नेपाल बाहेक सबैले प्रगति गरिरहेका छन् भन्ने लेखेका छन् । नेपालले मात्रै प्रगति किन गरेर भने प्रणालीले काम नै गर्न सकेन भनेको छ ।

प्रणालीलाई 'फङ्सनल' बनाउने काम त सरकारको हो, प्रधानमन्त्रीको हो । मन्त्रिपरिषदको काम हो, संसदको काम हो । अख्तियारको होइन ।

लेखकले इन्डोनेसियाका नेता, भारतका प्रधानमन्त्री र चीनका राष्ट्रपतिलाई इमान्दार छन् भनेर लेखेका छन् । हाम्रो देशमा प्रधानमन्त्री इमान्दार छन् भने तिनको नाम किन छैन ? हो, प्रश्न यहीबाट सुरु हुन्छ ।

भ्रष्टाचारमा राजनीतिकर्मी, कर्मचारीतन्त्र र बिजनेस टाइकुनको 'नेक्सस' छ । यो तीन पक्षको कार्टेलिङ र काम नगरी पैसा कमाउने गिरोहको माध्यमबाट भ्रष्टाचारले प्रश्रय पाइरहेको छ । ठेकदारले १० पैसामा सम्पन्न गर्नुपर्ने काम सबैलाई बाँड्दा-बाँड्दा २० पैसा हुन गएको छ । लागत मात्रै बढ्दैन, उनीहरूकै कारणले समयभित्र काम सकिँदैन ।

सार्वजनिक खरिद नियमावली एक आर्थिक वर्षमा पाँचपटक संशोधन भयो । यस्तो पनि हुन्छ ? यो त हामीले सरासर कानूनलाई मजाक बनाइरहेका छौं । कानूनलाई मजाक बनाइराखेसम्म भ्रष्टाचार घट्दैन ।

पारदर्शिताका केही उदाहरण हेरौं । कसैले एउटा कम्पनी स्थापना गर्नुपर्‍यो भने यी यी पूरा गर्नुपर्छ भन्ने राखिएको हुन्छ । तर, त्यसमा अन्य आवश्यक कुराहरु भन्ने राखिएको हुन्छ । अर्थात् चेकलिस्टमा भनिएका सबै कुरा पूरा गरेर पनि कम्पनी वा उद्योग खोल्न पाइँदैन । लेखिएका कुरा बाहेक बाँकी कुरा टेबलमा बस्ने हाकिमको तजबिजमा भर पर्छ ।

**अनि पारदर्शिता कसरी हुन्छ ? भ्रष्टाचार कसरी घट्छ ?**

मापदण्ड पूरा भएपछि यो काम गर्न पाइन्छ भन्ने सुनिश्चित हुनुपर्‍यो नि । कसैको भनसुन वा तजबिजमा चल्नुपर्ने अवस्था आउनु भएन । टेबलमा बस्ने हाकिमलाई प्रभाव कसरी पार्नुहुन्छ, तपाईंको काम बन्ने/नबन्ने त्यसैमा निर्भर हुन्छ । प्रणाली नै यस्तो बनाएपछि कसरी भ्रष्टाचार नहुने कुराको आश गर्ने ?

जस्तो जलविद्युत लगानी गर्ने मान्छेले यो यो मापदण्ड पुरा गरेपछि प्राधिकरणले विद्युत खरिद सम्झौता (पीपीए) गर्छ भन्ने सुनिश्चित हुनुपर्‍यो नि । पीपीए पनि भयो रे, फेरि लाइनै तान्दिँनैन । अहिले पनि धेरै लगानीकर्ताले प्रसारण लाइनको समस्या भेलिरहेका छन् ।

त्यस्तै अर्को उदाहरण छ, मलको । धान कहिले रोपिन्छ, गहुँ छर्ने बेला कुन हो सबैलाई थाहा छ । तर, हरेक वर्ष मलको हाहाकार हुन्छ । मल ल्याउने जिम्मेवारी पाएको कृषि सामग्री संस्थानले कहिल्यै समयमा मल ल्याउन सक्दैन । किसानले चाहिएका बेला कहिल्यै मल नपाउने भएपछि त्यो संस्थान केका लागि ? कृषि मन्त्रालय केका लागि ? यस्तो अवस्था रहिरहनु भनेको भ्रष्टाचार अंकुराउने अवस्था जीवित रहनु हो ।

**सर्वत्र अपारदर्शिता र भ्रष्टाचारको दलदल छ । तर, हामी अख्तियार नामक एउटा संवैधानिक आयोगबाट सुशासनको कल्पना गरिरहेका छौं भन्न खोज्नुभएको हो ?**

अख्तियारका लागि मान्छे छनोट गर्दा नै कसलाई लगियो भने प्रभावकारी ढंगले काम हुन्छ भन्ने हेरिँदैन । आफनाविरूद्ध कसले मुद्दा चलाउँदैन उसैलाई रोजिन्छ । अपारदर्शिता, अनियमितता र भ्रष्टाचार गर्नेहरूले छान्न मान्छे त भ्रष्टाचारीलाई कारवाही होइन, संरक्षण गर्ने हुने भइगयो नि । एक वाक्यमा भन्दा विरोधीलाई तह लगाउन सक्ने र आफूले जति ठूलो भ्रष्टाचार गरे पनि उम्काउन सक्ने व्यक्ति खोजिन्छ ।

अख्तियार प्रमुख आयुक्त विहीन भएको एक महिना भइसकेको छ । कानून व्यवस्था अनुसार पदमुक्त हुनुभन्दा एक महिना पहिला नै पदाधिकारी टुंगो लागेर सम्पूर्ण प्रक्रिया सकिनु पर्ने होइन र ? अख्तियारजस्तो निकायको हाकिम एक दिन पनि खाली हुन हुन्छ ? खाली राखिनुको अर्थ हो- भ्रष्टाचार निवारण भन्ने कुरा नै प्राथमिकतामा छैन ।

प्राथमिकता नदिएको अर्को प्रमाण हो, अनुचित कार्यसम्बन्धी छानविनको अधिकार । यसलाई अख्तियारबाट झिकियो । मैले धेरैपटक त्यसलाई प्रधानमन्त्री मातहतको राष्ट्रिय सतर्कता केन्द्रलाई दिऊँ भनें । तर, कसैले सुन्दैनन् । भ्रष्टाचार निवारणलाई प्राथमिकता दिएको भए अनुचित कार्यलाई 'न गाईको थुनमा, न भाँडामा' पारेर राखिँदैनथ्यो ।

**यहाँको आशय प्रमुख आयुक्त-आयुक्तहरु पूर्वसचिव, पूर्वप्रहरी अधिकृत वा अरू जो गए पनि व्यक्ति गौण भन्ने हो ?**

व्यक्तिको महत्व नै छैन भन्न खोजेको होइन । समाजका चारजना मान्छेले हेर्दा यत्तिको मान्छे अख्तियारमा गए भ्रष्टाचार निवारणमा काम गर्न सक्छ भन्ने त हुनुपर्‍यो नि । उच्च नैतिकता, उच्च चरित्र, उच्च क्षमता, पक्षपात नगर्ने व्यक्ति त चाहियो-चाहियो ।

तर, यति भन्दाभन्दा पनि भ्रष्टाचारको व्यापकताको हिसाबले अख्तियार एउटा सानो सीमामा बाँधिएको संस्था हो भन्ने खोजेको हुँ । पारदर्शिताको जुन सवाल छ, त्यसका लागि टंगालको अड्डाले भ्याउँदैन भन्न खोजेको हुँ ।

समग्रतामा नीतिगतरूपमा हस्तक्षेप गर्ने भनेको त प्रधानमन्त्री कार्यालय हो । कानून बनाएर दिने ठाउँ संसद हो । संसदले बनाएको कानून कार्यान्वयन गर्ने त फेरि पनि मन्त्रिपरिषदले हो ।

**त्यसो भए, भ्रष्टाचारको ओखती टंगालमा होइन, सिंहदरबारमा खोज्नुपर्ने भयो ?**

हो, जिम्मै मन्त्रिपरिषदको हो । राज्यका तीन अंगमध्ये अख्तियार त कार्यपालिकामै पर्छ । कार्यपालिकाबाट हुने अनियमितताललाई हेर्न दबाव महशुस नहोस् भनेर मात्रै अख्तियारलाई पृथक राखिएको हो, स्वायत्त बनाइएको हो । अख्तियार स्थापना हुनुअघि भ्रष्टाचार हेर्ने अड्डा विशेष प्रहरी विभाग थियो, त्यो सीधै सरकारकै मातहत थियो ।

फेरि दोहोर्‍याएर भन्छु, भ्रष्टाचार हेर्ने काम पनि कार्यपालिकाकै हो । स्वायत्त होस्, त्यहाँ नियुक्त भएका पदाधिकारीलाई महाअभियोग बाहेकले छुन नसकोस् भनेर संवैधानिक अंगको हैसियत दिइएको हो ।

**अख्तियार बलियो हुनका लागि न्यायापालिकाको पनि भूमिका देख्नुहुन्छ ?**

कुरा बलियो र कमजोरको होइन । प्राप्त अधिकार ठीकसँगले प्रयोग गर्छ की गर्दैन भन्ने हो । काम गर्दा पक्षपात गर्छ कि गर्दैन भन्ने हो । राजनीतिक, प्रशासनिक प्रभावमा पर्छ कि पर्दैन भन्ने हो ।

न्यायापालिकाले फैसला गर्ने भनेको अख्तियारले लगेको प्रमाणहरूकै आधारमा हो । प्रमाण बलियो भए ठहर हुन्छ, नभए हुँदैन ।

न्यायापालिकाप्रति मेरो भन्नु के छ भने भ्रष्टाचारसम्बन्धी मुद्दा पनि दशकौंसम्म नटुङ्गिदा भ्रष्टाचार निवारणमा सहयोगी भूमिका हुँदैन । भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतलाई पनि प्राथमिकता दिएर फास्ट ट्र्याकबाट लैजानु पर्छ । एउटै मुद्दामा बर्षौं अल्झिएर बस्नु भएन ।

न्यायपालिकामा पनि सुधार आवश्यक छ । भलै न्यायालयलाई साधनस्रोत, जनशक्तिको आवश्यकता छ । न्यायालयलाई पर्याप्त साधनस्रोत नदिएर छिटो हिँड भन्न पनि मिलेन । राज्यको अवधारणा जन्मिएकै न्याय दिनका लागि हो भन्ने भावले काम हुनुपर्‍यो ।

**ठूला माछालाई अख्तियारले उम्काउँछ र साना माछा देखाएर बढी हल्लाखल्ला गर्छ भन्ने आम धारणाका पछाडि पनि त्यही वरिपरिको दलदलको प्रभाव देख्नुहुन्छ ?**

संस्था बनाइसकेपछि त्यसमाथि विश्वास गर्नैपर्छ । त्यसले गरेको अनुसन्धानमा भर पर्ने पर्ने हुन्छ । तर, त्यो संस्थामा मान्छे लैजाँदा नै क्षमता, उच्च नैतिक चरित्र, प्रतिष्ठाजस्ता कुरा हेरिएन । आफना र आफूलाई जोगाउने मान्छे लगियो । आफना राजनीतिक प्रतिद्वन्द्वीलाई समाप्त पार्न प्रयोग हुने मान्छे हेरियो ।

अहिले के भनिन्छ भने विकासमा अवरोध पुर्‍याउने अख्तियार पनि हो । जसले ठेक्का पाउँदैन उसले पाउनेको विरूद्ध अख्तियारमा उजुरी हाल्छ । त्यसपछि ठेक्का पाउनेको पनि काम अगाडि बढ्दैन । त्यतिबेलासम्म अर्को प्रतिस्पर्धी कम्पनीले ठेक्का हात पारिसकेको हुन्छ । आयल निगमको जग्गा खरिद प्रकरण ठीक-बेठीक के थियो भन्न चाहन्न । उद्देश्य राम्रो थियो । उनीहरूले एसियाकै ठूलो ट्यांकरस्थल बनाउने भनेका थिए । विदेशबाट आयात रोकिने हो भने पेट्रोलियम पदार्थले ३० दिन पनि धान्दैन । नाकाबन्दीकै बेलामा भोग्यौं कम्तिमा ६ महिनालाई पुग्ने मौज्दात राख्नुपर्ने रहेछ । जग्गा खरिदमै भ्रष्टाचारको कुरा आएपछि ट्यांकर बनाउने काम अगाडि बढेको छैन । ५-६ वर्ष अगाडि किनेको जग्गामा कामै भएको छैन । त्यसको त केही मतलब भए नि । त्यत्रो वर्षपछि आएर भ्रष्टाचारै भएको छैन भन्ने कुरा सुनिएको छ । यत्रो वर्षको क्षतिपुर्ती कसले दिने । अख्तियारले भइरहेको काममा हस्तक्षेप गर्ने हुँदै होइन । उसले भ्रष्टाचारको अपराधमा निश्पक्ष अनुसन्धान गरेर मुद्दा दर्ता गर्ने हो ।

**हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ भनेजस्तै यो दलदलमा पनि सुधारको सुरुवात गर्ने उज्यालो बिन्दु त होला नि ?**

भ्रष्टाचारलाई समग्रतामा मुलुकबाट घटाउने जिम्मा प्रधानमन्त्रीको हो । हाम्रो प्रणालीमा प्रधानमन्त्री नै मुख्यव्यक्ति हो । भ्रष्टाचार भइसकेपछि त्यसको निश्पक्ष अनुसन्धान गर्ने, मुद्दा लैजाने काम मात्रै अख्तियारको हो ।

**सुरुवात कहाँबाट गर्ने ?**

त्यो त अख्तियारको पदाधिकारी नियुक्तिबाटै हो । त्यसपछि बल्ल अख्तियारलाई आवश्यक पर्ने भौतिक संसाधनको पर्याप्तताको कुरा आउँछ ।

**अख्तियारका पदाधिकारीहरुले बारम्बार क्षेत्राधिकार बढाउने कुरा पनि उठाइरहेका छन् । कार्यक्षेत्रको व्यापकताको पनि अभाव हो कि ?**

संविधानले आफूलाई दिएको अधिकारबमोजिम प्रभावकारी काम गर्नुको सट्टा अख्तियारले पखेटा फिँजाउन खोजेको देखिन्छ । निजी क्षेत्र, बैंक, मेडिकल कलेज हेर्ने माग गरिरहेको छ । पहिलो कुरा, यो काम गर्न संविधानले नै दिँदैन । दोस्रो कुरा, आफूले पाएको अधिकार नै राम्रोसँग प्रयोग गर्न नसकिरहेको आरोप लागेको अवस्थामा थप हतियार चाहियो भन्ने कुरा कहाँबाट आयो ?

अख्तियारका प्रमुख आयुक्त, आयुक्तहरूको कुरा सुन्दा म आजीवन अख्तियारमै बस्छु, त्यसकारण मलाई सबै अधिकार चाहियो भनेको देखिन्छ । प्रभावकारी काम गर्नका लागि अख्तियारलाई ऐन, नियम, नियमावलीको अपर्याप्तता छैन ।

**अब अख्तियारले कस्तो नेतृत्व पाउला ? भ्रष्टाचार निवारणमा केही न केही राम्रो भएको सुन्ने दिन कहिले आउला ?**

त्योभन्दा पहिला तीनवटा विश्वविद्यालयका उपकुलपतिहरूको नियुक्तिको कुरा गर्छु । एउटा मेरै पार्टीको भागमा पर्‍यो । अर्को दुईवटा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रकै दुई गुटको भागमा एक-एक वटा परे । अर्थात् कोटको खल्तीबाट नाम निकालेर नियुक्ति गरियो ।

- अनलाइनखबर


## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**दलबहादुर लामा(डिबी)**
अध्यक्ष

**लक्ष्मी बतौला**
उपाध्यक्ष

**रोशी गाउँपालिका**
काभ्रे

# प्रभु बैंकको थप नयाँ शाखा सल्यानको श्रीनगरमा

काठमाडौं । प्रभु बैंक लिमिटेडले थप नयाँ शाखा विस्तार गरेको छ । बैंकले आज (आइतबार) सल्यानको श्रीनगरमा २०९ औं शाखा संचालनमा ल्यायको हो ।बैंकको सो शाखाको समुद्घाटन शारदा नगरपालिकाका मेयर सुरेश अधिकारीले गरेका हुन् । बैंकले देशभरमा शाखा सञ्जाल विस्तार गर्दै बैंकिङ्ग पहुँच नपुगेको ठाउँहरुमा सर्वसाधारणको घर आँगनसम्म सरल र सहजरुपमा बैंकिङ्ग सेवा विस्तार गरेको मेयर अधिकारीले बताए ।

उनले भने,‘बैंकले देशभरमा शाखा विस्तारले देशभरि बैंकिङ्ग पहुँचमा वृद्धि भई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुग्ने छ ।’बैंकको गुणस्तरीय एवं अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा प्रवाहले स्थानीय बासि, सर्वसाधारणहरु, व्यवसायिकफर्म, कम्पनीतथा संघ संस्थाहरुले प्रभु बैंकको गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र स्थानीय सर्वसाधारणमा बैंकिङ्ग बानीको विकासमा अभिवृद्धि भई स्थानीयस्तरको सम्पुर्ण आर्थिक कारोबार बैंकिङ्ग प्राणालीमा प्रवेश गर्नुका साथै यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा बैंकको श्रीनगर शाखा कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ अधिकारीले बताए ।

# सिद्धार्थ बैंकले जारी गरेको ऋणपत्रमा उल्लेखनीय सहभागिता

काठमाडौं । सिद्धार्थ बैंक लिमिटेडले जारी गरेको ऋणपत्रमा लगानी कर्ताको उल्लेखनीय सहभागिता देखिएको छ । बैंकले असोज १६ गते निष्कासन गरेको ३ अर्बका ऋृणपत्रमा माग भन्दा बढि रकमको आवेदन परेको हो ।छोटो समयमै लगानीकर्ताहरुको महत्वपूर्ण सहभागिता एवं अपार विश्वास देखाएको भन्दैं बैंकले सम्पूर्ण लगानीकर्ता हार्दिक कृतज्ञता व्यक्त गरेको छ । बैंकले निष्काशन गरिएको ऋणपत्र भने आश्विन २० गते बन्द गरिएको हो । लगानीकर्ताले देखाएको विश्वास र निरन्तर सहयोग र सदभावले बैंकलाई अझ बढि नवीनतम र उतकृष्ट सेवा प्रदान गर्न अभिप्रेरित गरेको बैंकले जनाएको छ ।

# अशोक लेलैण्ड र माछापुच्छे बैंक बीच सम्झौता

आईएमई ग्रुप अन्तर्गत संचालित आइएमई मोटर्स प्रालिद्वारा प्रवर्द्धित अशोक लेलैण्ड र माछापुच्छे बैंक बिच सम्झौता ज्ञापन पत्रमा हस्ताक्षर भएको छ । बैंकबाट योग्य व्यक्ति तथा संस्थाहरुलाई परिपत्र तथा सहुलियत पूर्णकर्जाहरु लगानी गर्न साथै ब्याज अनुदान सम्बन्धि समझौता पत्रमा हस्ताक्षर भएको हो ।

यस सम्झौता अनुरुप आईएमई मोटर्सबाट सिफारिस पाएका ग्राहकहरुले माछापुच्छे बैंकबाट योग्य व्यक्ति तथा संस्थाहरुलाई परिपत्र तथा सहुलियतपूर्ण कर्जाहरु लगानी गर्न साथै ब्याज अनुदान पाउने छन्। यसै अनुरुप बैंकको नीति अनुसार ग्राहकहरुलाई भारतीय कम्पनी अशोक लेलैण्डद्वारा निर्मित र आईएमई मोटर्सद्वारा बिक्रि वितरण गरिएका ‘Dost model सम्पूर्ण सवारी साधन खरिद गर्नका लागि बिना धितो कम्तिमा खरिद मूल्यको ६० प्रतिशतसम्मको सहुलियतपूर्ण कर्जा उपलब्ध गर्ने सुविधा प्राप्त भएको छ ।

यो सुविधा अशोक लेलैण्डद्वारा निर्मित र आईएमई मोटर्सद्वारा बिक्रि वितरण गरिएका अन्य सवारी साधनमा पनि बैंकको नीति नियम भित्र रही कर्जा प्रवाह गर्ने भएको छ । आगामी दिनमा ग्राहकहरुलाई कर्जा सुविधा प्राप्त गर्न निकै सजिलो हुने दुबै कम्पनीले जनाएको छ ।

कर्जा सुविधा मात्र नभई दुवै कम्पनीबिच संयुक्त रुममा ब्राण्ड जनचेतनाका लागि विभिन्न कार्यक्रमहरुमा सहभागिता भई अघि बढ्ने कुरामा पनि सम्झौता भएको छ ।

# सनराइज् बैंकका ग्राहकले भाटभटेनी सुपरमार्केटमा विशेष छुट पाउने

काठमाडौं । सनराइज बैंकका ग्राहकले भाटभटेनी सुपरमार्केटमा विशेष छुट पाउने भएका छन् । बैंकले आगामी चाडपर्वलाई लक्षित गरी भाटभटेनी सुपरमार्केट तथा डिपार्टमेन्टल स्टोरसँग सहकार्यमा छुट योजना ल्याएको जनाएको छ ।

यो योजना अन्तर्गत ग्राहकहरुले आफ्ना डेबिट कार्ड वा क्रेडिट कार्ड प्रयोग गरी भाटभटेनी सुपरमार्केट तथा डिपार्टमेन्टल स्टोरमा सामान खरिद गरी कार्डमार्फत भुक्तानी गर्दा कुल कारोबार रकमको ५ प्रतिशत वा प्रति कारोबार अधिकतम पाँच सय तत्काल छुट पाउने व्यवस्था गरिएको जनाइएको छ ।

यो योजना असोज २५ देखि कार्तिक ११ गते सम्मको लागी रहेको बैंकले जनाएको छ ।

# माछापुच्छे बैंकद्वारा कात्तिक १ गतेदेखि लागु हुनेगरी नयाँ ब्याजदर तालिका प्रकाशन

काठमाडौं, २६ असोज । माछापुच्छे बैङ्कले स्थिर ब्याजदरसहितको नयाँ ब्याजदर तालिका प्रकाशन गरेको छ । नेपाल राष्ट्र बैङ्कले असोज मसान्तभित्र स्थिर ब्याजदर तोक्न दिएको निर्देशन अनुसार कात्तिक १ गतेदेखि लागु हुनेगरी बैङ्कले अग्रिम रुपमा ब्याजदर तालिका सार्वजनिक गरेको हो ।

गतिशील प्रणालीबाट निर्धारण हुने ब्याजदरमा बैङ्कले कुनै घटबढ गरेको छैन । जसमा अधिकांश कर्जामा आधारदरमा ५ प्रतिशतसम्म जोखिम प्रिमियम जोडेर ब्याजदर निर्धारण गरिएको छ । मुद्दती निक्षेपको धितोमा दिइने ऋृण, युवा तथा साना व्यवसायीस्वरोजगार कर्जा लगायतमा भने जोखिम प्रिमियम २.५ प्रतिशतसम्म तोकिएको छ । भदौ मसान्तमा आधारित बैङ्कको आधारदर ८.४२ प्रतिशत रहेको छ । माछापुच्छे बैङ्कले तय गरेको स्थिर ब्याजदर अनुसार होमलोन, अटो/हायर पर्चेज लोन र अन्य खुद्रा लोनका लागि स्थिर ब्याजदर कायम गरिएको छ । होमलोनमा ५ वर्ष अवधिका लागि ९.८९ प्रतिशत, ५ देखि १० वर्षका लागि १०.८९ प्रतिशत र १० वर्ष भन्दा बढी अवधिको लागि ११.८९ प्रतिशत ब्याजदर तय गरिएको छ । त्यस्तै अटोलोनमा ५ वर्षको लागि ९.८९ प्रतिशत र ५ देखि १० वर्षको लागि १०.९९ प्रतिशत ब्याजदर तोकिएको छ । अन्य खुद्रा ऋणका लागि भने ५ वर्षसम्मको अवधिका लागि १०.२४ प्रतिशत, ५ देखि १० वर्षको लागि ११.२४ प्रतिशत र १० वर्षभन्दा लामो अवधिको लागि १२.२४ प्रतिशत ब्याजदर तोकिएको छ ।

यता माछापुच्छे बैंक र होटल अकामा बीच सम्झौता भएको छ । माछापुच्छे बैंक ग्राहकहरूले होटल अकामा खाना र पेय पदार्थमा १५ प्रतिशत छुट दिने गरि सो सम्झौता भएको हो । बैंकका ग्राहकहरूले उक्त छुट, बैंकको डेबिटरक्रेडिट कार्ड तथा क्युआर कोड प्रयोग गरी बिल भुक्तानी गर्दा प्राप्त गर्न सक्नेछन । नगद कारोबारबाट हुने जोखिम कम गर्न, डिजिटल कारोबारलाई प्राथमिकता दिन तथा ग्राहकहरुलाई सहुलियत प्रदान गर्नको लागि बैंकले बिभिन्न संघ संस्था तथा व्यापारिक प्रतिष्ठान संग सम्झौता गर्दै आएको बैंकले जानकारी दिएको छ ।बैंकले हाल १६० वटा शाखाहरु, १३३ शाखारहित बैकिङ्ग सेवा र ५ एक्सटेन्स काउण्टर समेत गरी जम्मा २९८ स्थानमा रहेका सेवा सञ्जाल तथा १९९ वटा एटीएमहरु तथा १हजार भन्दा बढी पिओएस बाट ग्राहकहरुलाई अत्याधुनिक प्रविधि सहित सम्पुर्ण बैंकिङ्ग सुबिधा प्रदान गरीरहेको छ ।

# एनआई सी एशिया बैंकद्वारा रू. १० लाख दुर्घटना बीमा रकम भुक्तानी

एन आई सी एशिया बैंकले ग्राहक महानुभावहरू समक्ष ल्याएको अतुलनीय तथा असिमित सुविधा भएको न्यू सुपर चमत्कारिक बचत खाता योजनाअन्तर्गत दुर्घटना बीमा वापत रू. १० लाख बीमा रकम भुक्तानी गरेको छ । यस बैंकको गोपीगन्ज शाखामा न्यू सुपर चमत्कारिक बचत खाता ‘डायमण्ड श्रेणी’ को खाता खोल्नु भएका नवलपरासी (पश्चिम) जिल्लास्थित प्रतापपुर निवासी श्री राजकुमार शर्माज्यूको दुर्घटना पश्चात् मृत्युपछि वहाँकी श्रीमती सुनिता देवि शर्माज्यूलाई उक्त रकम भुक्तानी गरिएको छ । निजलाई एभरेष्ट इन्स्योरेन्सको सहकार्यमा उक्त बीमा रकम बैंकले भुक्तानी गरेको हो । हाल बैंकको न्यू प्रिमियम सुपर चमत्कारिक बचत खाता ‘डायमण्ड श्रेणी’ का ग्राहक महानुभावहरूलाई भविष्यमा आइपर्न सक्ने भवितब्यको लागि चाहिने आर्थिक स्रोतको जोहो गर्न बैंकले अतुलनीय बीमा सुविधा प्रदान गर्दै आएको छ। अतुलनीय फाइदाले भरिपूर्ण यस बचत योजनामा १८ वटा विभिन्न घातक रोगको उपचारका लागि रू.१० लाख, दुर्घटनाबाट पूर्ण रुपमा घाइते वा मृत्यु भएका व्यक्ति वा परिवारलाई रू.१० लाख र मेडिकल जाँचमा हुने अस्पताल खर्च वापत रू.१ लाख ( अस्पताल भर्नामा रू.८० हजार र बहिरंग उपचारमा रू.२० हजार) सँगै विभिन्न निःशुल्क सुविधाहरू समेत ग्राहक महानुभावहरूले पाउन सक्नुहुनेछ र सो सुविधाबाट ग्राहक महानुभावहरूलाई साच्चिकै फाइदा पुग्ने गरेको छ । यस्ता अनुपम तथा अतुलनीय सुविधाहरू भएका कारणले बैंकले ल्याएको चमत्कारिक निक्षेप योजना ग्राहक महानुभावहरू समक्ष निकै नै लोकप्रिय बनेको छ । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले खातावालालाई बचतसँगै बीमा सुविधा उपलब्ध गराउने उद्देश्यले बचत खातामा नै बीमा सुविधा ग्राहक महानुभावहरूमाझ ल्याउदै आएको छ । बैंकको बीमा सहितको निक्षेप योजनाअन्तर्गत अहिलेसम्म देशभरका २४६ जना भन्दा बढी ग्राहक महानुभावहरूले बीमा वापतको रू.१ करोड ९४ लाख भन्दा बढी रकम प्राप्त गरिसक्नुभएको छ र यस्ता योजनाहरूबाट बैंक खातामार्फत बचत गर्ने आमसर्वसाधारणलाई थप प्रोत्साहन र प्रेरणा मिलेको छ । साथै न्यू प्रिमियम सुपर चमत्कारिक बचत खाता ग्राहक महानुभावहरूले जुनसुकै स्थानबाट जुनसुकै समयमा अनलाइनमार्फत खोल्न सक्ने समेत बैंकले व्यवस्था गरेको छ । यसअन्तर्गत निःशुल्क डेबिट/क्रेडिट कार्ड, निःशुल्क मोबाइल/इन्टरनेट, भाइबर बैंकिङ्ग, निःशुल्क ई(कमर्स सेवा, स्वीप इन(स्वीप आउट लगायत सेवाको फाइदा लिन सक्नुहुनेछ ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३२६ शाखा कार्यालयहरू, ४६९ एटिएम, १०३ वटा एक्स्टेन्सन काउण्टर एवं ६४ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हो । २२ लाख भन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरू अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.१ अर्ब ८७ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

# कविता

## आफैसँग लडौ

प्रेमा संगम



भत्किन देउ आँशुकाबांधहरु
रित्तिन देउमनका पिडाहरु
फेरि,
एक पटक शुन्यतामापुगेर
नयाँजीवनको अध्याय सुरु गरौ
जहाँबाट,
चट्टाने तारेभीरहरु उक्लिनु छ
चुनौतिका सगरमाथाहरु    चढ्नु छ
सुनौलो जीवनको फाँटमा पुगेर
रोप्नु छ मानवता र विकासको विउ
उर्मानु छ एकता र भाइचाराको सम्बन्ध
देखाउनुछपौरखको धुर्वतारा
बनाउन सफल एउटा समाज
त्यसैले
यसरी परिवर्तन हुँदैन
साहसले पाइला उठाउनै पर्छ
यो नाशवानजीन्दगीलाई
सानो झुण्डमा  नजरबन्दगर्नु बेकार छ
सांसरिकताको मोह त्यागेर
एउटा यात्रामा लड्नै पर्छ

होइनभने वर्षौ पछि परेर
कुवाको भ्यागुतो झैं
ट्वार ट्वार जीन्दगीबन्नेछ
अब ज्ञानको ढोकाखोलेर
संघर्षको शिखर चढ्न लागौ
जीवनको वर्णमालाबुझेर
समाजका वेथितिसंग लडौ
अन्याय,अत्याचारसँग लडौ
खराबप्रवित्तिसँग लडौ
मानवताको रक्षाको लागि
संसारकामानव एक भएर
फेरि एक पटक
आफैसँगपनि लडौ ॥

कालिन्चोक ६ दोलखा
हालकोटेश्वर  काठमाडौ
९८४९३७५७६१

# मुक्तिनाथ विकास बैंकद्वारा लेखापरीक्षकहरुलाई सहज कर्जा प्रवाह गर्ने सम्झौता

मुक्तिनाथ विकास बैंकले लेखापरीक्षकहरुलाई सहज रुपमा कर्जा प्रदान गर्ने सम्झौता गरेको छ। नेपाल अडिटर्स एशोसिएसन (अडान) मा आवद्ध आजीवन सदस्यहरुलाई विशेष छुट सहित प्रोफेशनल कर्जा प्रदान गर्ने गरी बैंकले सो सम्झौता गरेको हो । उक्त सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेल र नेपाल अडिटर्स एशोसिएसका अध्यक्ष मोहन रेग्मीले हस्ताक्षर गरेका हुन् ।सम्झौताले लेखापरीक्षक संघका आजीवन सदस्यहरुलाई कर्जा सेवाका अतिरिक्त बचत तथा डिजिटल बैंकिङ्ग सेवाहरु सहज रुपमा प्रदान गरिने भएकोले संघका सदस्यहरुलाई थप लाभ पुग्ने अपेक्षा गरिएको छ । अडानले लेखा व्यबसायसंग सम्बन्धित लेखापरीक्षक एबं लेखा व्यबसायीहरुको हितका लागि बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय तालीम, गोष्ठी, सेमिनारहरु गर्दै आएको छ । संस्थाका ८ प्रदेश समिति, ६५ जिल्लाकार्यसमिति र एक केन्द्रियकार्य समिति रहेका छन्। बैंकले हाल ४२ जिल्लामा १३८ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथाकर्जा सेवाहरु प्रदानगर्दै आईरहेकोछ ।

# टिभिएस...

बाईकको ब्याट्री यस्तै हुन्छ । तपाईले अर्को कम्पनीको ब्यट्री फेर्नु भो भने सामान्य काम चलाउ हुन्छ भने मैले वर्कशपको सल्लाह अनुसार त्यसै गरे चल्न त थाल्यो तर बेला बेलामा कुदिरहेको बाईक एक्कासि ग्येर चेज भएर बाईक लडने गरेको ति पत्रकारको भनाई रहेको छ ।

हामीले यो समस्या आएपछि जगदम्बा मोटर्स प्रा.लि.का अध्यक्ष दिपक अग्रवाल सँग बुझ्न खोज्दा उनको मोबाईल उठेन ।

यसरी पत्रकारहरूलाई पीडा दिने आपाचेले सर्वसाधरण ग्रहकलाई कति समस्या पारेको होला ।

यतिवेला तिमि नै मेरो सपना अटुट तिमि नै मेरो सहयात्री भन्दै ठुला मिडियालाई बिज्ञापन प्रचार गर्न लगाएर आपाचे बाईकले ग्रहकहरूलाई ठग्ने उदेश्य राखेको देखिन्छ । हामीले उपभोक्ता सम्बन्धि ६ दशक अगाडी देखि काम गरिरहेको संस्था उपभोक्ता मञ्च नेपालका काठमाडौ क्षेत्र न. ४ का सदस्य सुबोध पौडेललाई सोधेका थियौ यसरी गुणस्तरहिन सामान बेच्ने कम्पनीलाई के कारवाही हुन्छ भनेर उनले सवैभन्दा उपभोक्ता चनाखो हुनुपर्छ कुन सामान ठिक छकि छैन समाचारहरूमा के आईरहेका छन् गुणस्तर चिन्ह प्रप्त होकि होइन , हेरेर बुझेर मात्र सामानहरू किन्न पाउने उपभोक्ताको अधिकार प्रयोग गर्नु उचित हुन्छ । उनेले भने यदि त्यो कम्पनीले त्यस्तो गुणस्तरहिन सामान बेचेको पाईएमा कारवाहीको लागि हामी दवाव दिन्छौ ।

नेपालमा बिदेशी उत्पादनको प्रचार गर्नुपर्दा अनिवार्य नेपालमै डिजाईन गर्नुपर्ने र त्यसको रोयल्टी डिजाईनरले पाउने ब्यवस्था गरेको छ । तर नेपाल सरकारले बनाएको नियमको समेत उल्लघन गरेर त्ख्व ले आफनो बिज्ञापन डबिङ गरी बजारमा बजाईरहके छ । नेपालमा ठुलालाई चैन र सानालाई ऐन भने जस्तै भएको छ । शंकर ग्रुप अर्न्तगतको मोटर्सले भारतमा कबाडीमा फालिएका सामानहरू नेपालमा बहुमुल्य बनाएर बेचिरहदा समेत सम्बन्धित निकायको ध्यान पुगेको छैन ।

# शिक्षाका योजना प्रभावित

बलेवा । जिल्लाको ताराखोला गाउँपालिकाले गत आर्थिक वर्षमा सञ्चालन गरेका योजनाहरूमध्ये सबैभन्दा धेरै शिक्षा क्षेत्रका योजना प्रभावित भएका छन् । कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि विद्यालयका संरचना प्रयोगमा ल्याउँदा पूवार्धार विकासका काम प्रभावित भएका हुन् । गाउँपालिकामा ठूलो सङ्ख्यामा बाहिरबाट आउनेलाई राख्ने गरी पूर्वाधार नभएकाले विद्यालयलाई क्वारेन्टिन बनाउँदा विकासका काम प्रभावित भएको गाउँपालिका अध्यक्ष प्रकाश घर्तिले बताउनुभयो । विद्यालय भवनदेखि शौचालय निर्माण र विद्यालय भवन मर्मतसम्मका काम प्रभावित भएका हुन् । गाउँपालिकाले गत आवमा शिक्षा क्षेत्रमा ४० योजनामा बजेट विनियोजन गरेको थियो । तीमध्ये ३४ योजना मात्रै सम्पन्न भएका छन् । "अन्य पूर्वाधार विकासका योजनामा खासै असर गरेन्, तर विद्यालयमा क्वारेन्टिन बनाउँदा योजना प्रभावित भए" उहाँले भन्नुभयो ,"कोभिडले देख्नेगरी जसरी असर गरिरहेको नदेखिने गरी अझै बढी प्रभावित बनायो ।"

गत आवदेखिनै सञ्चालनमा ल्याउने भनिएको उद्योगग्रामको काम पनि कोभिड-१९ का कारण प्रभावित भयो । प्रदेश सरकारसँगको सहकार्यमा निर्माण गर्न लागिएको उद्योगग्राममा चालु वर्षमा संरचनाहरू निर्माण हुनेछन् । गाउँपालिकाले गत आवमा बहुउद्देश्यीय सभाहल बनाएको छ । चालीस लाख खर्चेर खेल मैदान निर्माण पनि कोरोना कहरकै बिचमा भयो । वडा नं ४ को प्रशासनिक भवन ७५ लाख खर्चेर बनाइएको सूचना अधिकारी प्रकाश गैरेले बताउनुभयो । सामुदायिक स्वास्थ्य इकाई भवन र केही महत्वपूर्ण सडकका काम भने कोरोना कहरकै बीचमा भए । गाउँपालिकाले कृषि र पशुपालन क्षेत्रमा विनियोजन गरेको रकम कार्यान्वयनमा ल्याउन पाएन् । "पूर्वनिर्धारित कार्यक्रम भएकाले जसोतसो कार्यान्वयन गरियो" उहाँले भन्नुभयो, "दुवै क्षेत्रमा एक करोड १ लाखभन्दा धेरै बजेट विनियोजित थियो ।"गाउँपालिकाले बनाएका योजनामध्ये कार्यान्वयन हुन नसकेको अर्को क्षेत्र हो खानेपानी । पच्चीस योजना गत आवको लागि विनियोजन भएपनि २० योजनामात्रै कार्यान्वयनमा आएका छन् । केही क्रमागत र केही योजनाको सम्झौता हुन सकेको छैन । पर्यटनमा तयार १८ मध्ये १७ योजना सम्पन्न भए । उद्योगमा दुईमध्ये एक, सहकारी र सामाजिक विकासका एक/एक योजनासमेत सम्पन्न भए । स्वास्थ्य क्षेत्रमा विनियोजित १६ मध्ये १४, युवा तथा खेलकुदका ८, सिंचाईका ५ योजना निर्धारित समयमा नै सकिए ।

# रामेछाप डायरी

## रामेछाप बजार सुनसान सतर्क अपनाउन आग्रह

रामेछप। रामेछापको पुरानो सदरमुकाम हालको रामेछाप नगरपालिका यतिबेला सुनसान छ । विगतका वर्षहरूमा दसैं नजिकिएसँगै भिड हुने रामेछाप जिल्लाको पुरानो सदरमुकाम समेत रहेको रामेछाप बजारमा यस वर्ष कोभिड-१९ संक्रमणको जोखिमका कारण सुनसान भएको रामेछापवाट हामिलाइ राजन महतरा क्षेत्रीले जानकारी दिएका हुन । रामेछाप बजारका केहि स्थानिय सहित जिल्ला अस्पतालमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकमी र रामेछाप नगरपालिका कर्मचारीमा कोरोना संक्रमण देखिएपछि संक्रमण फैलन नदिन रामेछाप नगरपालिकाले बजार क्षेत्रमा कडाई गरेको छ । नगरपालिका भित्रका बजारहरुको पसल तथा व्यापार व्यवसाय विहान ५ बजेदेखि १० बजेसम्म मात्रै सन्चालन गर्न दिने निर्णयले पनि बजार सुनसान बनेको हो । चाडपर्व नजिकिँदै गर्दा बजार सुनसान देखिएको छ । दसैं, तिहार, छठलगायतका ठूला चाडपर्व नजिकिँदै गए पनि आज बजारमा चहलपहल देखिएको छैन । बजारका अधिकांश पसल बन्द छन । विगतमा चाडपर्वको समयमा भिड हुने क्षेत्र यसपटक सुनसान हुँदा व्यापारीहरू पनि निराश बनेका छन् ।

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

खड्ग सुनुवार
अध्यक्ष

राधिका श्रेष्ठ
उपाध्यक्ष

गोकुलगंगा गाउँपालिका
रामेछाप

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

चन्द्र बहादुर राना
नगर प्रमुख

मध्यबिन्दु नगरपालिका
नवलपरासी

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

धावा लामा
अध्यक्ष

गीता बिष्ट चौलागाई
उपाध्यक्ष

सुनपति गाउँपालिका
रामेछाप

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

शेर बहादुर सुनुवार
अध्यक्ष

उर्मिला कार्की (बस्नेत)
उपाध्यक्ष

उमाकुण्ड गाउपालिका
रामेछाप

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

कमान सिं मोक्तान
अध्यक्ष

कृशाला घिसिङ
उपाध्यक्ष

दोरम्वा गाउँपालिका
रामेछाप

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

प्रेम बहादुर तामाङ
अध्यक्ष

मखमली श्रेष्ठ
उपाध्यक्ष

खाडादेवी गाउँपालिका
रामेछाप

# चितवनमा मासुमा नोक्सान व्यहोर्दै किसान

ब्वायलर कुखुराको मासुको मूल्यमा निकै गिरावट आएपछि किसानले प्रतिकिलो रू ९५ हाराहारी नोक्सानी व्यहोर्नु परेको छ । उत्पादन बढी र खपत कम भएपछि मूल्य घटेर किसानले घाटा व्यहोर्नु परेको हो ।

नेपाल ब्वायलर कुखुरापालक किसान सङ्घका अध्यक्ष झनक पौडेलका अनुसार अहिले ब्वायलर कुखुरा प्रतिकिलो रू ११० हाराहारीमा बिक्री हुने गरेको छ । जसको लागत मूल्य प्रतिकिलो रू २०५ रहेको उहाँको भनाइ छ । कुखुरा नबिकेपछि कतिपय जिउँदो प्रतिकिलो रू ९० मा बिक्री गर्नुपरेको गुनासो किसानले गरेका छन् । तयारी मासु प्रतिकिलो रू १७५ मा समेत बिक्री हुने गरेको छ । चितवनमा प्रतिकिलो रू २०० र काठमाडौँमा रू २२० दररेट राखेर मूल्य सार्वजनिक गरेको पाइन्छ । धेरै कुखुरा हुनेले सो मूल्यभन्दा कममा नै बिक्री गरेका हुन् ।

पौडेलले वाणिज्य विभागलगायतका सरोकारवाला निकायमा शुक्रबार निवेदन दिएर बजार अनुगमन गर्न अनुरोध गरिएको बताउनुभयो । देशभर एक सयदेखि १० हजारसम्म ब्वायलर कुखुरा पाल्ने किसान ४५ हजार हाराहारी छन् । अहिले उत्पादन भएको कुखुराको चल्ला किन्दा किसानले रू ६५ तिरेका थिए । सरदर प्रतिकिलो रू ३० को दाना खुवाएको उहाँले जानकारी दिनुभयो ।

नेपाल दाना, अण्डा, कुखुरा वितरक सङ्घका केन्द्रीय अध्यक्ष जेतनारायण पाण्डेले साना किसान धेरै प्रभावित बनेको बताउनुभयो । उत्पादन नै बढी हुँदा समस्या भएको उहाँको भनाइ छ । उत्पादन बढी र खपत कम हुँदा दुई किलो भएका कुखुरा खोरबाट उठाउनुपर्नेमा तीन किलो पाँच सय ग्रामसम्मका कुखुरा पनि उठ्न नसकेको उहाँले बताउनुभयो ।

पछिल्लो समय ह्याचरी उद्योगी, विदेशबाट फर्किएका लगायत अन्य व्यवसाय गर्नेहरूले समेत ब्वायलर कुखुरा पालेका कारण उत्पादन बढेको उहाँको भनाइ छ । बजारको मागलाई ध्यान नै नदिइ कुखुरा पालिएको उहाँले बताउनुभयो । होटल, रेष्टुरेन्ट, विद्यालय, क्याम्पस, बजार पूर्णरूपमा नखुल्दा खपत बढ्न नसकेको पाण्डे बताउनुहुन्छ ।

नेपाल ह्याचरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष टीकाराम पोखरेलले अहिले सातामा ३५ लाख ब्वायलर चल्ला उत्पादन हुने गरेको जानकारी दिनुभयो । यी सबै चल्ला बिक्री भएका छन् । १५ प्रतिशत हाराहारी मरे पनि अरू हुर्किन्छन् । दैनिक आठ लाख ५० हजार किलो मासु उत्पादन हुने गरेको उहाँको भनाइ छ ।

पोखरेलका अनुसार खपतमा निकै गिरावट आएको छ । काठमाडौँमा दैनिक पाँच लाख किलो मासु खपत हुनेमा अहिले झण्डै आधामा झरेको छ । जसले गर्दा मासु बिक्री हुन नसक्दा मूल्य नआएको उहाँको भनाइ छ ।

कुखुराको मूल्य नआएपछि चल्ला राख्न किसान डराएका छन् । जसका कारण चल्लाको मूल्य प्रतिगोटा रू ६५ बाट घटेर रू २० देखि ३० मा बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो । भारतमा चल्लाको मूल्य बढी भएपछि यहाँका व्यवसायी भारततर्फ चल्ला पठाउन थालेका छन् । भारतमा प्रतिगोटा भारू ४५ हाराहारीमा बिक्री हुने गरेको व्यवसायी बताउछन् ।

नेपालमा झण्डै दुई महिनाअघि जिउँदो ब्वायलर कुखुराको प्रतिकिलो मूल्य रू २७० रहेको थियो । मूल्य निकै पाएपछि कुखुरा व्यवसायी र अन्य व्यवसाय गर्नेले पनि खाली खोर भाडामा लिएर चल्ला राख्न थालेपछि उत्पादन बढेको हो ।

पछिल्लो समय कुखुराको दानामा प्रयोग हुने मकै र भटमासको मूल्य पनि निकै बढेको छ । रू २१ प्रतिकिलोको मकै रू २८ र रू ६० को भटमास रू ७० पुगेको पोखरेलको भनाइ छ । जसले गर्दा दानाको मूल्यसमेत बढ्ने र किसान मारमा पर्ने देखिन्छ । नाकाबन्दी, भूकम्प, बर्डफ्लू जस्ता समस्याले कारण पोल्ट्री व्यवसायमा समय समयमा नोक्सान पुर्‍याउँदै आएको छ । यस्तो समयमा साना किसान मारमा पर्ने गरेका छन् ।

## अनिश्चितकालका लागि सेवा बन्द

गलकोट । नगरपालिकाका जनप्रतिनिधि र स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि बागलुङ नगर पालिकाले आजदेखि अनिश्चितकालका लागि सबै सेवा बन्द गरेको छ । नगर पालिकाका स्वास्थ्यकर्मी र जनप्रतिनिधि सहित समुदाय स्तरमा कोरोना पुष्टि भएपछि नगरपालिकाले अत्यावश्यक सेवा बाहेकका सबै सेवा बन्द गरेको नगरपालिकाका सूचना अधिकारी युक्तप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

नगरपालिकाका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा बागलुङ बजारका स्थानीयमा कोरोना पुष्टि भएपछि अनिश्चतकालका लागि नगरपालिकाको सेवा बन्द गरिएको उहाँले बताउनुभयो । बागलुङ जिल्लामा शनिबार मात्रै ४७ जनामा कोरोना पुष्टि भएका थियो ।

बाँकी ८ पृष्ठमा

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

आयुव अन्सारी
अध्यक्ष

अनितादेवी यादव
उपाध्यक्ष

कोशी गाउँपालिका
सुनसरी

कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव ऐन बमोजिम सजाय हुनेछ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### चीनमा पाँच करोडभन्दा गरिबीबाट मुक्त

'तेह्रौं पञ्चवर्षीय योजना' को अवधिमा चीनका पाँच करोडभन्दा बढी ग्रामीण वस्तीलाई गरिबीबाट मुक्त भएका गरिब जनता पूर्ण रुपमा गरिबीबाट मुक्त भएका राष्ट्रिय गरीबी तथा जनसङ्ख्या ब्युरोको तथ्याङ्कमा उल्लेख गरिएको छ । सन् २०१६ मा चीनमा गरीबी दर ४.५ प्रतिशत थियो भने सन् २०१९ मा त्यो घटेर ०.६ प्रतिशतमा झरेको तथ्याङ्कले देखाएको छ । चालु वर्ष समग्र क्षेत्रमा गरीबी पूर्णतया उन्मुलन गर्ने चीन सरकार र खासगरी राष्ट्रपति सी चिनफिङको योजनामा चीनले सफलता पाएको अधिकारीहरूले बताएका छन् ।'तेह्रौं पञ्चवर्षीय योजना' को अवधिमा चीनमा गरीबहरूको आम्दानीमा व्यापक वृद्धि भएका ब्युरोको दावी छ । तथ्याङ्क अनुसार गरिब जनसङ्ख्याको प्रतिव्यक्ति आय सन् २०१६ मा चार हजार १४२ युआन रहेकोमा सन् २०१९ मा बढेर नौ हजार ५७ युआन पुगेको छ । आयको औसत वार्षिक वृद्धि ३० प्रतिशत पुगेको छ भने चीनमा गरिबहरूको आय संरचना अझ अनुकूलित गरिएको छ र आफैँमा गरीबीबाट बच्न सक्ने क्षमता निरन्तर सुधारिएको छ ।

चालु वर्ष गरीबी निवारणको व्यापक लक्ष्य पूरा भएपछि चीनले सन् २०३० का लागि दिगो विकास कार्यक्रमअन्तर्गतको संयुक्त राष्ट्र संघको एजेन्डाको गरीबी निवारण लक्ष्य १० बर्ष अघि नै पूरा गर्दैछ ।

### अफगानी धार्मिक विद्वानहरूद्वारा युद्धविरामका लागि आह्वान

अफगानिस्तानको लडाई बढेकोप्रति उलेमा अर्थात् धार्मिक विद्वानहरूले आइतबार उत्तरी कुन्दुज प्रान्तको राजधानी कुन्दुज सहरमा आयोजित भेलामा मुलुकमा भइरहेको द्वन्द्व र दुश्मनीलाई नाजायज ठहराएको छ । समूहले तालिवानी समूहलाई युद्धविराम अवलोकन गर्न र शान्ति वार्तालाई सफल हुन सहयोग पुर्‍याउन आह्वान गरेको छ । समस्याग्रस्त कुन्दुज प्रान्तको धार्मिक परिषद्का प्रमुख मौलावी मोहम्मद अकेल सिरतल बोलाएको भेलामा कञ्जुद शहरका सयौं व्यक्तिहरूले भाग लिएका थिए । भेलाका सहभागीले भने, अफगानिस्तानका जनता लडाईदेखि निराश भएका छन्, हाम्रो लामो विनाशकारी युद्ध जसले हाम्रो देशलाई ध्वस्त पारेको छ र जनताको जीवन र सम्पत्ति विनास गरेको छ । अब पनि युद्धलाई जारी राखे देशको अस्थित्व नै खतरामा पर्नेछ । आफ्नो भाषणमा, मौलावीले दोहामा चलिरहेको अन्तर-अफगानी सम्वादलाई समर्थन गर्नुभयो र तालिवानी समूहलाई अफगानीको इच्छाको सम्मान गर्न र हिंसा रोक्न आग्रह गर्नुभयो । मैले तालिवानलाई हिंसा रोक्न, युद्धविरामको समीक्षा गर्न र त्यसपछि सरकारसँगको वार्तामा आफ्ना मागहरू प्रस्तुत गर्न आग्रह गरिरहेको छु, अकेलले सहभागी सबैसँग भन्नुभयो । ती धार्मिक विद्वानले दोहामा चलिरहेको तर कठिन अन्तर-अफगानिस्तान वार्ता र अफगानिस्तानमा बढ्दो विद्रोहबीच युद्धविरामको लागि आह्वान गरेका थिए । अफगानिस्तान सरकारको वार्ता टोली १२ सेप्टेम्बरदेखि दोहामा तालिवान प्रतिनिधिहरूसँग अफगानिस्तानको लामो द्वन्द्वको राजनीतिक समाधानको लागि जुटेको छ तर कुनै ठोस प्रगति भने भएको छैन । मुलुकमा विगत २४ घण्टामा १० सुरक्षाकर्मी, र ५० भन्दा बढी लडाकू र तीन सर्वसाधारण व्यक्ति मारिएपछि भएको उक्त भेलालाई अफगानी शान्तिका लागि महत्वपूर्ण कदमका रूपमा हेरिएको छ । धार्मिक नेतृत्वले तालिवानी समूहलाई देशमा द्वन्द्वको अन्त्य अर्थात् कम्तीमा हिंसालाई रोक्न आग्रह गरेको हो । तालिबानी संगठनले क्रिसमससमा आफ्नो सेना फिर्ता लैजाने भनी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ट्वीटलाई स्वागत गरेको छ भने अफगानिस्तानको भावी प्रणालीमा सहमति हुनु अघि युद्धविरामको प्रस्तावलाई अस्वीकार गर्दै आएको छ ।

### कोलम्बियाका पूर्व राष्ट्रपति उरिबे नजरबन्द मुक्त

कोलम्बियाको एक अदालतले शनिबार कोलम्बियाका पूर्व सिनेटर तथा पूर्व राष्ट्रपति अल्भारो उरिबेलाई नजरबन्दबाट मुक्त गर्ने आदेश दिएको छ । उहालाइँ दुई महिनाभन्दा बढी समयदेखि घरमा नजरबन्दमा राखिएको थियो ।

यद्यपि उरिबेविरुद्धको कथित घूसखोरी र प्रक्रियात्मक ठगीको लागि अनुसन्धानमा जारी रहेको अदालतले जनाएको छ । यसै विषयलाई लिएर पूर्वराष्ट्रपति उरिबेका एक वकिललाई हिरासतमा राखिएको छ । प्रतिपक्षी सिनेटर इभान सिपेडाले एक अर्ध-सैनिक समूहसँगको सम्बन्धको आरोप उरिबे र उहाँको भाइकोविरूद्ध लगाउनुभएको थियो । उरिबेले उल्लेखित घटनामा आफ्नो कुनै सम्लग्नता नरहेको बताउँदै गरेको गुनासोमाथि सुनुवाई गर्दै अदालतले उहाँलाई सफाइ दिएको हो । उरिबे डिमोक्रेटिक सेन्टर पार्टीका सिनेटर हुँदै राष्ट्रपतिमा निर्वाचित बन्नुभएको थियो । न्यायाधीशले उरीबेलाई नजरबन्दबाट मुक्त गर्ने निर्णयको सिपेडाले सम्मान गर्ने तर यस मुद्दामा आफ्नो अधिकारको प्रयोग गर्दै माथिल्लो अदालतमा पुनरावेदन गर्ने बताउनुभयो । अगस्टमा राष्ट्रपति इभान डुकले सर्वोच्च अदालतले उरीबेलाई नजरबन्दमा राख्ने निर्णय गरेकोमा दुःख व्यक्त गर्नुभएको थियो । उहाँले उरिबेले अदालतबाट न्याय पाउनेमा विश्वास व्यक्त गर्नुभएको थियो ।

### ह्वाइट हाउसको बार्दलीबाट राष्ट्रपति ट्रम्पको सम्बोधन

संयुक्तराज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोनाभाइरसको संक्रमणबाट आफू निको भएको जनाउँदै आफ्ना समर्थकलाई ह्वाइट हाउसको बार्दली (बाल्कोनी)बाट शनिबार साँझ सम्बोधन गर्नु भएको छ । राष्ट्रपति ट्रम्पका निजी चिकित्सकहरुले उहाँबाट कोरोनाभाइरस संक्रमणको जोखिम नरहेको दाबी गरेका छन् । राष्ट्रपति ट्रम्पलाई गत अक्टोबर २ तारिखमा कोरोनाभाइरस संक्रमण पुष्टी भएसँगै अमेरिकी सैनिक अस्पतालमा उपचार गरिएको थियो । राष्ट्रपति ट्रम्पका निजी चिकित्सक फिजिसियन डा सिन कोन्लेले ट्रम्पको शनिबार गरिएको परीक्षणमा कोरानाभाइरसका लक्षणहरु नदेखिएको र उहाँ पूर्ण स्वस्थ रहेको बताउनुभएको छ । अमेरिकामा हालसम्म ७७ लाखभन्दा बढी मानिस कोरानाभाइरसबाट संक्रमित भइसकेका छन् भने २ लाख १३ हजारभन्दा बढीको ज्यान गइसकेको छ । राष्ट्रपति ट्रम्पमाथि कोरोना महामारीलाई नियन्त्रणमा ल्याउन पर्याप्त काम नगरेको आरोप लाग्दै आएको छ । राष्ट्रपति स्वयंले मास्क लगाउने र सामाजिक दूरी कायम गर्ने नीतिमाथि व्यंग्ग गर्दै आउनु भएको छ । ह्वाइट हाउसको शनिबार आयोजित सार्वजनिक समारोहमा पनि राष्ट्रपति ट्रम्पले मास्क लगाउनु भएन । तर उहाँका वरिपरि अरु व्यक्ति थिएनन् ।

कोरोना उपचार पछि उहाँ गत सोमबार ह्वाइट हाउस फर्कनु भएको थियो । राष्ट्रिय मत सर्वेक्षणमा विपक्षी डेमोक्रेटिक पार्टीका उम्मेदवार जो बाइडेनभन्दा पछि देखिनु भएका राष्ट्रपति ट्रम्पले अब विभिन्न राज्यमा चुनावी सभाहरुमा सम्बोधन गर्ने कार्यक्रम छ । अमेरिकामा आगामी नोभेम्बर ३ मा राष्ट्रपतिका लागि चुनाव हुँदैछ ।

# पुस्तक चर्चा


# विनोद श्रेष्ठ र उनको 'आभास'



**तेजप्रकाश बानियाँ**
**पूर्व सहायकरथी**

मोफसलका साहित्यकार हरूमा रामेछाप निवासी विनोद कुमार श्रेष्ठको नाम अगाडि बढ्दै गएको छ। उनको जन्म वि.सं २०४४ साल चैत १ गते हालको ठेगाना अनुसार रामेछाप जिल्ला रामेछाप न.पां वडा नं.७ मा भएको हो। उनी मध्यम वर्गीय परिवारमा जन्मिएका हुन्। पिता धनबहादुर श्रेष्ठ र आमा मिठे श्रेष्ठका ३ छोरा र ३ छोरी मध्ये पहिलो पुत्ररत्नको रूपमा जन्मिएका विनोदको बाल्यकाल मातापिताका साथ घरैमा वित्यो। उनले कखहरा घरैबाट शुरूगरे। १ कक्षादेखि ५ कक्षा सम्म श्री प्रा. वि.मुडे खोलामा अध्ययन गरे। तत्पश्चात् कक्षा ६ र ७ महाँकाली नि. मा. वि.मुडाजोरमा र त्यसपछि कक्षा ८ बाट गौरी शंकर मावि रामेछापमा अध्ययन गरे। त्यस पछि कामको खोजीमा काठमाडौं हानिए। उनलाई काठमाडौंको एउटा इलेकट्रोनिक सामान सप्लाई गर्ने कम्पनीको स्टाफमा जागीर पनि मिल्यो। तर दुखको कुरा केहीदिन पछि कार्यालयको कामबाट जनकपुरमा गई सामान बनाई काठमाडौं फर्किनेक्रममा बर्दिवास आइपुग्दा, विपरित दिशाबाट हेभी गाडी आइपुग्यो, विनोदले चलाएको कारसँग ठोकिएर दुर्घटना पर्ने निस्चित भयो। दुर्घटनाबाट जोगाउन विनोदले आफ्नो कारलाई बायातर्फ जङ्गलतिर मोडे। हेभी गाडीको दुर्घटनाबाट त बचियो तर जङ्गलतिर मोडिएको कार भीरमा गएर रूखमा अड्कीयो। विनोदको स्पाइनल कर्ड इञ्जुरी भएर ढाडले काम नदिने भयो। उनको तन्दुरुस्त हट्टा कट्टा शरीर, क्षणभरमा नियतीले, शारीरिक असक्ततामा बदलियो। त्यो क्षण उनलाई सपना वा विपना हो थाहा भएन। जिन्दगीका सारा सपना चकनाचुर भए। ढाड निको पार्न अपरेसन लगायत सक्दो प्रयास गरे। कसै गर्दा भएन। जीवन बाचुन्जेल अरूको सहारामा बाच्नुपर्ने भयो। तर उनी साहसी, हार नखाने र हरेक कुरा हतारमा निर्णय नगर्ने व्यक्तिः परे।


उनलाई यो समाजमा बाच्नुनै चुनौतीको कुरा भयो। अव उनले यत्ति विशाल चुनौतीलाई कसरी अवसरमा बदल्ने भन्ने सोच पलायो। केही दिन स्पाइनल कर्ड इञ्जुरी पुनस्थपना केन्द्रमा गएर केही सल्लाह पनि लिए। अव त्यसै घर कुनुको सााटो साहित्य साधनामा लाग्ने अठोट गरे। फाट्ट फुट्ट कविता लेख्न थाले। गर्दै भन्दै जादा उनी भित्र सुसुप्त अवस्थामा रहेको साहित्यिक प्रतिभाले प्रस्फुटन हुने अवसर पायो। लेल्दै जादा किताव लेख्ने मनसाय भो। सर्व प्रथम त २०७१ सालमा जीवन एक संघर्ष अनेक नामक आत्मलाप किताव लेखे। २०७३ सालमा अपाङ्ग दर्पण र द स्प्रीङ लभ नामको स्मारिका निकाले। २०७५ मा आभास नामक सामाजिक उपन्यास प्रकाशित गरेकाछन्। यो क्रम अगाडी बढीरहेको छ। यसरी चारवटा विभिन्न पुस्तकहरू प्रकाशित भएकोमा चारै वटा पुस्तक




मेरोहात पऱ्यो। मैले यी चारथान पुस्तक पढ्ने अवसर त पाएको छैन। ती मध्य पछिल्लो चाही उनको जीवन संघर्ष सँग आधारित उपन्यास "आभास" सर्सर्ती पढें। शब्दार्थ प्रकाशन चावहिल काठमाडौं, ले बजारमा ल्याएको त्यो उपन्यास र यस्ता मिहिनेती लेखक बारे केही लेख्ने विचार आएर यो सानो प्रयास गरेको छु। उपन्यासको बारेमा भन्नुपर्दा कभरको अग्र भागको माथि शीर्षक "आभास" बीचमा ह्वील चियरमा एकजना युवक र उसको काखमा युवती बसेको चित्र र बटममा लेखकको नाम हेर्दैमा पुस्तको कभर र विषय बस्तु मेल खाएको छ। त्यस्तै कभरको पछाडि पट्टि बीच भागमा लेखकको, विवरण सहित फोटो, त्यो मुनी प्रकाशित कृतिहरू को नाम,बटममा बायाँ भागमा प्रकाशकको लोगो, बीचमा प्रकाशकको नाम र दायाँ भागमा बारकोड राखिएकोले सारै आकर्षक देखिन्छ।

पल्टाउदै जादा उपन्यास शुरूहुनु पहिला "आरम्भ भन्दा पहिले" शीर्षकमा लेखकले, जीवनमा भोगेका र देखेका उतार चडावहरूमा आइपर्ने अप्ठ्यारा मोडहरूलाई यथार्थ परक ढंगले व्याख्या गरी उपन्यासमा प्रवेश गर्न सजिलो पारिदिएका छन्। उपन्यास विशेष गरेर २७ भागमा विभाजित छ। अन्तर्वस्तुको बारेमा भन्नु पर्दा लेखकको आफ्नो कथा व्यथामा एकजना महिला समेतलाई पात्र बनाई महिलाको आचरण कस्तो सम्म हुनसक्छ भन्ने स्प्रष्ट देखाउन खोजिएकोछ।

अन्त्यमा, मैले उपन्यास अध्ययन गर्दा त्रुटिहरू औंव्याउने उद्देश्यबाट नगरी एकजना सिकारू लेखकलाई उत्साह बढाउँने मनसायले पढेंको हुँ। व्याकरण, छपाई र शब्द चयनका हिसावले पुस्तकमा केही सामान्य त्रुटीहरू छन\। अभ्यास गर्दै जादा त्यस्ता त्रुटीहरू अवश्य कमहुदै जाने छन् भन्ने मेरो बुझाई छ। नेपाली साहित्यको चौतारिमा एउटा ईटा थप्ने विनोद श्रेष्ठको अभियान सफल होओस्। उनका कृतिहरू सफस हुदै जाउन्। नेपाली साहित्यले पनि यस्ता साहित्यकारबाट सेवापाई रहोस् भन्ने कामना गर्दछु। समय बदली सकेको छ। नेपाली साहित्यले पनि विदेशी साहित्यसँग कमसेकम तुलना गर्न सकोस् भन्ने कामना समेत गर्दछु।




## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं।

**कान्छाराम जिम्बा**
अध्यक्ष

**चेत कुमारी माझी**
उपाध्यक्ष

**महाभारत गाउँपालिका**
**काभ्रे**

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महाँन चाड बिजयाँ दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं। साथै विश्वमा फैलिरहेको कोरोना भाईरस ( कोभिड १९ ) को महामारीवाट देश विदेशमा रहनुभएका सम्पुर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौ।

*साथै हामी कहाँ म:म: चाउमिन,चिकेन,माछा फ्राई, खसीको भुटन, हाँसको छोइला र सेकुवाका साथै अडर अनुसार खाजा तथा नास्ताको राम्रो ब्यवस्था छ। होम डेलिभरीको सुविधा साथै गाडी रिजर्भको पनि ब्यवस्था छ।*

प्रो.राजकुमार कुवंर /कोपिला सापकोटा कुवंर

**रेसुङगा कटेज एण्ड रेष्टुरेण्ट**

भरतपुर ४ कटहर चोक चितवन
मो. ९८४५२९६५९१

## संघीयता.......

समायोजनमा भएको नीतिगत त्रुटि सच्चाउनु पर्छ । तीन धार कार्यपालिका, न्यायपालिका तथा संवैधानिक सेवामा सबै कर्मचारीहरू लाई समूहीकृत गरेर तीन धारलाई प्रशासन तथा व्यवस्थापन एवम् प्राविधिक, व्यावसायिक तथा विषयगत सेवामा समूहीकृत गरी सेवा, समूह, उपसमूहमा विभाजित गरेर संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक तथा प्राकृतिक न्यायपूर्वक समायोजन हुनेगरी सच्याइनु पर्छ । पदस्थापन तथा चक्रीय सरूवा प्रणाली : सार्वजनिक सेवा परिचालन व्यवस्थापन ऐन कानुनका आधारमा हुनुपर्छ । सबै सेवा धारका कर्मचारीहरूलाई सेवा अनुसार पदस्थापन भएपछि अनुमेय चक्रीय सरूवा, बढुवा र वृत्ति विकासको सामाजिक तथा प्राकृतिक न्याय सुनिश्चित हुनुपर्छ । हरेक निकायमा चार वर्षमा पुराना कर्मचारीहरू खाली हुने गरी प्रतिवर्ष २५ प्रतिशत कर्मचारी स्थानान्तरण हुने गरी प्रत्येक कर्मचारीको चार वर्षमा अनिवार्य सरूवा हुने वैज्ञानिक पद्धति विकास गरिनु उचित हुन्छ । संगठनलाई उपलब्ध हुने नयाँ तालिम, प्रशिक्षण, अध्ययन, अनुसन्धान जस्ता विविध अवसरहरूको वैज्ञानिक व्यवस्था गरी कर्मचारीहरूको पदस्थापन गर्ने सिद्धान्त लागू गरिनु आवश्यक हुन्छ । सबै धार, सेवा, समूह, उपसमूहका संघीय कर्मचारीहरूलाई राजधानीका मन्त्रालय, केन्द्रीय निकाय तथा उपत्यका बाहिरका डिभिजन कार्यालयहरूमा अनुमेय सरूवा गरी खटाउने वैज्ञानिक प्रबन्ध न्यायसम्मत हुन्छ । प्रदेश तथा स्थानीय तहमा पनि पदस्थापन र चक्रीय सरूवा प्रणाली अवलम्बन गरिनुपर्छ । यसर्थ नेकपा सरकारको राजनीतिक दर्शन, समाजवाद उन्मुख समाज निर्माणको संवैधानिक मान्यतालाई इमानदारीसाथ नेतृत्व तहबाट पालना हुनु आवश्यक हुन्छ । (बाह्रखरी

## राजतन्त्र.....

गाएका थिए । कार्यक्रममा गणतन्त्रका निक्कै आलोचक डिल्लीराम खनालको उपस्थितिले युटुवेहरुको ध्यान भने त्यता खिचिएको थियो । युवाहरु स्वत स्फुत राजतन्त्रको पक्षमा गणतन्त्रको घोषणापछि आएको यो घटना पहिलो हो । यो भन्दा अगाडी राजतन्त्रको वकालत गर्नेहरु पुराना बुडाखाडा मात्र देखिन्थे यो पटक भने युवाहरुको लहर निक्कै थियो । हुन सक्छ नेपालमा गरिबी, अशिक्षा, बेरोजगार, कुथिति जस्ता कारणहरुले युवाहरुमा नेपालको सत्तामा रहेका र लोकतान्त्रिक भनिएको ब्यवस्थामा असन्तुष्टि बढेको हुदा निरास भइ यो गणतन्त्र भन्दा राजतन्त्र पो ठिक होकि भनेर आक्रोसित हुँदै सडकमा ओर्लिएको अनुमान लगाउन सकिन्छ ।

## लकडाउन......

मध्य बर्गिय परिवार जो कोइ बिदेशमा छन उनिहरु अफ्नै देश आउन सकिरहेका छैनान । नेपाल भएकाहरूले स्वदेशमा लगानी गरेर काम गरिरहेकाहरुको लगानी खेर गएको सम्झेर निराश हुनको साथसाथै बिस्तारै भएको अर्थिक खाध्यन्न सकिदै गएको अवस्थामा उपल्लो बर्ग जो सबै ठाउमा पहुच राख्ने बर्गलाई भने त्यो लकडाउने छोएको थिएन ।

मध्यम बर्गले अफैलाइ ग्लानी गर्न थालेका छन ।

त्यो पहिलो लकडाउनको झल्को हो ।

त्यो समय हेर्दा लाग्थ्यो अब उच्च( ओहोदामा बसेका उच्च धनाढ्यहरु मात्रै नेपालमा छ्न जस्तो ! किनकी उनीहरुले प्राइभेट गाडीमा हिडन पाउथे, उच्च पहुच भएका कारण पास हुन्थ्यो ।

पास मिलाउने ठाउमा उनीहरुको मान्छे हुन्थे ती गरिब, असाय, मजदुरको बिजोग हुदा समेत अफ्नो घर जान्छु भन्दा यातायात आफ्नो थिएन खुट्टामा फोका उठने गरि हिडेर जादाको बिजोग को कथा दिखिसाध्य थिएन ।

तर गाउपालिकाका अध्यक्ष , वडा अध्यक्ष , मेयर सासदका लगानीमा चलाइएका भाडाका यातायातले ५०० लाग्ने दुरिको भाडालाइ एकजना बराबर ५००० हजार सम्म लिएर कमाउने अवसर बनाएका थिए ।

त्यसैले यो लडाउन सामान्य नागरिक जो गरिखाने बर्ग छ त्यो बर्गले मात्र पालना गरिरहनु परेको हुनाले आवश्यक छैन । देखिदैन ।

आफू सुरक्षीत हुने अनावश्यक काम नभएको मानिस यस्तो बेलामा कोहि पनि निस्कदैनान मर्न कस्लाइ रहर हुन्छ र। तर भोकै मर्न लागेकाले काम गरेर खान्छ भन्दा उसको अधिकार कुस्ठित गर्नु हुदैन ।

आखिर कोरोना एउटा जरो जस्तो न रहेछ । लागि हालेपनी केही समयपछि ठिक हुदोरहेछ ।

नेपालका थुप्रै मानिसहरूलाई लागेर पनि बिशेक भैआक्यो । त्यसकारण ती माफियाहरुले परिचालित गरेका भाडाका समुहले लकडाउन लगाउनुपर्छ भन्दै हिडेका छन । यो नेपाल बिरोधी काम हो ।

नेपाललाइ लकडाउनले नोक्सान पुर्याउछ । सरकारले अध्ययन गरोस ।

## अनिश्चित......

ती मध्ये अधिकांश बागलुङ बजार क्षेत्र आसपासका रहेका जनाइएको छ । नगरपालिकाको एक जना स्वास्थ्यकर्मी र एक जना जनप्रतिनिधिमा सङक्रमण भएपछि अहिले कन्ट्र्याक्ट ट्रेसिङ भइर हेका कारण नगरपालिकाको सेवा बन्द गरिएको स्वास्थ्य शाखा प्रमुख र ामप्रसाद खनालले जानकारी दिनुभयो ।

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

गुमान ध्वज कुँवर
अध्यक्ष

कल्पना कुमारी श्रेष्ठ
उपाध्यक्ष

भुम्लु गाउँपालिका
काभ्रे

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

प्रेमबहादुर तिमिल्सेना
अध्यक्ष

सरिता लामिछाने
उपाध्यक्ष

बेथानचोक गाउँपालिका
काभ्रे

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

समाल सिं तामाङ
अध्यक्ष

दुर्गामाया तमाङ
उपाध्यक्ष

तेमाल गाउँपालिका
काभ्रे

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

दिनानाथ गौतम
अध्यक्ष

तारादेवी गौतम
उपाध्यक्ष

चौरी देउराली गाउँपालिका
काभ्रे

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

कृष्ण बहादुर खुलाल
अध्यक्ष

रुकमेणी गुरुङ
उपाध्यक्ष

खानीखोला गाउँपालिका
काभ्रे

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस